का.जि.प्र.का.द.नं. १००/०५९/६०
१७ वैशाख २०८२,
बुधबार
30 April, 2025
Wednesday
मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्नु

वर्ष २३, अंक ८७ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com

# नागरिकको मुख थुन्दै सरकार

## खतरामा समानता, न्याय र मर्यादा





"प्रदर्शनहरूमाथि प्रतिबन्ध लगाएर, गैरकानुनी बल प्रयोग गरेर र प्रदर्शनकारीहरूलाई बलपूर्वक तितरबितर पार्ने र हिरासतमा लिने कार्य गरेर सरकारले आलोचनालाई दबायो

**निराजन थपलिया**
**निर्देशक**
**एमनेस्टी इन्टरनेसनल, नेपाल**

**प्रदर्शनका लागि निषेधित क्षेत्र तोक्ने क्रम बढेको छ । अभिव्यक्ति स्वतन्त्रता कुण्ठित गर्ने प्रयास भएका छन् । पत्रकारमाथि कुटपिट र धम्की बढेको छ**

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, १६ वैशाख ।

सामान्य अर्थमा लोकतन्त्र भनेको नागरिकले आफूलाई चाहेअनुसारका प्रतिनिधि चयन गर्ने शासन व्यवस्था हो । ती जनप्रतिनिधि शासन प्रशासनमा रहन्छन् । तिनले गलत गरे वा गलत गर्न लागे नागरिकले खबरदारी गर्छन् ।

यसका निम्ति सार्वजनिक स्थानमा भेला हुन पाउने अधिकार र वाक् तथा अभिव्यक्ति स्वतन्त्रता लोकतन्त्रमा सुनिश्चित हुन्छ । नेपालको परिप्रेक्ष्यमा यसको सही प्रयोग नागरिकले गर्न पाएका छन् त ?

एमनेस्टी इन्टरनेसनलका अनुसार सन् २०२४ मानवअधिकारको अवस्थाका दृष्टिमा सन्तोषजनक रहेन । एमनेस्टी इन्टरनेसनलले मंगलबार नेपालसहित १५ देशको मानवअधिकार अवस्था अध्ययन प्रतिवेदन सार्वजनिक गरेको छ, जहाँ नेपाली जनताले ८० वर्ष बढी समय लगाएर प्राप्त गरेको समानता, न्याय र मर्यादा जस्ता उपलब्धि खतरामा परेको उल्लेख छ ।

मंगलबार काठमाडौंमा आयोजित एक कार्यक्रममा प्रतिवेदन सार्वजनिक गर्दै एमनेस्टी इन्टरनेसनलको नेपालका निर्देशक निराजन थपलियाले भने, 'नेपालको मानवअधिकारको अवस्थामा पनि सन् २०२४ संतोषजनक रहेन ।'

उनका अनुसार प्रदर्शनकारीहरूमाथि प्रतिबन्ध लगाएर, गैरकानुनी बल प्रयोग गरेर र प्रदर्शनकारीहरूलाई बलपूर्वक तितरबितर पार्ने र हिरासतमा लिने कार्य गरेर सरकारले नै आलोचनालाई दबाउने प्रवृत्ति बढेको छ ।

'अधिकारीहरूले विरोध प्रदर्शनकारीविरुद्ध गैरकानुनी बल प्रयोग गरे र अभिव्यक्ति तथा भेला हुने स्वतन्त्रतालाई संकुचित बनाए', प्रतिवेदनमा उल्लेख छ ।

संक्रमणकालीन न्यायलाई अघि बढाउन एउटा महत्त्वपूर्ण कदम विधेयक संसद्बाट पारित गरिएता पनि उक्त विधेयकमा दण्डहीनता फैलाउन सक्ने खालका कमजोरीहरू रहेका भनिएको छ । देशभर महिला तथा बालिकाविरुद्धको हिंसा र जातमा आधारित विभेद कायम रहेको पनि उल्लेख छ ।

प्रतिवेदनअनुसार नेपालमा सरकारबाटै भेला हुने स्वतन्त्रतामै बन्देज लगाउने प्रयास भएको

»» पृष्ठ २ मा

सोती घटना

# २३ जनाको जन्मकैद सदर

## जातीय कसुरको सजाय बदर

**पूर्ण सार्की/मध्यान्ह**
सुर्खेत, १६ वैशाख ।

उच्च अदालत सुर्खेतले जाजरकोटका नवराज विकसहित ६ जनाको हत्या भएको सोती घटनामा प्रतिवादीहरूले पाएको जन्मकैदको सजाय सदर गरेको छ ।

अदालतका न्यायाधीशहरू सोमकान्त मैनाली र मातृकाप्रसाद भण्डारीको इजलासले यस घटनामा २३ जना प्रतिवादीलाई जन्मकैदको सजाय सदर गरेको

»» पृष्ठ २ मा



*उच्च अदालत सुर्खेतले जातीय विभेदको मुद्दामा सफाइ दिएपछि अदालतको गेट अगाडि दलित अधिकारीकर्मीहरूको धर्ना*

# जनमत–नाउपा एकता



"पार्टीको नाम, झण्डा, चुनाव चिह्नन, अध्यक्षसहितका पदाधिकारीमा मोटामोटी सहमति भइसकेको छ । सचिवालय, केन्द्रीय समितिलगायत पार्टीको तल्लो तहका संरचना बिस्तारै मिलाउँदै जान सकिन्छ

**वीपी साह**
**सचिव, जनमत पार्टी**





**निमिष झा/मध्यान्ह**
काठमाडौं, १६ वैशाख ।

थरूहट आन्दोलनपछि जन्मिएको नागरिक उन्मुक्ति पार्टी (नाउपा) र पृथक्तावादी संघर्ष त्यागेर मूलधारको राजनीतिमा आएको जनमत पार्टीबीच बुधबार एकीकरण हुँदै छ ।

दुवै पार्टीले आ-आफ्नो अन्तिम केन्द्रीय समिति बैठक गरेर एकताको औपचारिक निर्णयलाई अनुमोदन गरेका

»» पृष्ठ २ मा

### ७०० जनाको केन्द्रीय समिति

एकीकृत पार्टीको केन्द्रीय पदाधिकारी ५० सदस्यीय हुने छ । दुवै पार्टीका २५/२५ जना पदाधिकारी रहने छन् । यस्तै, केन्द्रीय समिति ७०० सदस्यीय रहने दुवै पार्टीले टुंगो लगाएका छन् ।

केन्द्रीय समितिका लागि दुवै पार्टीबाट समान ३५० जना केन्द्रीय सदस्य छानिने छन् । यस्तै, कार्यसम्पादन समिति ५१ सदस्यीय रहने छ । कार्यसम्पादनमा दुवै पार्टीबाट ५०/५० प्रतिशत केन्द्रीय सदस्य समायोजन गरिने छ, जसमा दुवै पार्टीबाट २५/२५ र संरक्षक रेशम चौधरी गरी

»» पृष्ठ २ मा

सम्पत्ति सार्वजनिक र छानबिन

# प्रतिपक्षीको सदाबहार एजेन्डा

**जीवन शर्मा/मध्यान्ह**
काठमाडौं, १६ वैशाख ।

नेपालका विशिष्ट व्यक्तिहरूको सम्पत्ति सार्वजनिक र छानबिनको एजेन्डा प्रतिपक्षी दलहरूको सदाबहार एजेन्डा बन्ने गरेको छ । सत्तामा हुँदा चुप बस्ने तर प्रतिपक्षी बेन्चमा पुग्नासाथ सरकार पक्षलाई प्रश्न गर्दै प्रधानमन्त्री, मन्त्री, पूर्वप्रधानमन्त्रीसहित विशिष्ट व्यक्तिको सम्पत्ति सार्वजनिक तथा छानबिन गर्नुपर्ने चर्को आवाज उठाउने परम्पराले निरन्तरता पाएको हो ।

'भ्रष्टाचार निवारण ऐन, २०५९'मा सार्वजनिक पदमा बहाल गरेको ६० दिनभित्र सम्पति विवरण पेस गर्नुपर्ने व्यवस्था छ तर सार्वजनिक गर्नै पर्ने कानुनी बाध्यता नभएका कारण मन्त्रीको सम्पति विवरण सार्वजनिक गर्न मान्दैनन्

यसै सन्दर्भमा मंगलबार प्रतिनिधिसभामा प्रतिपक्षी दलका सांसदले सरकार गठन भएको १० महिना भइसक्दासमेत प्रधानमन्त्री र मन्त्रीहरूको सम्पत्ति छानबिन नगरिएको आवाज उठाएका छन् । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सांसद मनीष झाले प्रधानमन्त्री र मन्त्रीहरूको सम्पत्ति विवरण सार्वजनिक गर्न माग गरे ।

'सुशासनको कुरा गर्ने सरकारले १०

»» पृष्ठ २ मा

वैदेशिक रोजगार विशेष

# संख्या सय खारेज गर्ने विधेयक प्रतिनिधिसभाबाट पारित

**मध्यान्ह संवाददाता**
काठमाडौं, १६ वैशाख ।

'केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०८१' प्रतिनिधिसभाबाट बहुमतले पारित भएको छ । प्रतिनिधिसभाको मंगलबारको बैठकले उक्त विधेयकलाई बहुमतले पारित गरेको हो ।

करिब ८० वटा कानुनका विभिन्न दफाहरू संशोधन गरेको यस विधेयकमा वैदेशिक रोजगार व्यवसायीको इजाजत नवीकरणका लागि अनिवार्यरूपमा वार्षिक सय जना कामदारको श्रम स्वीकृति लिनुपर्ने प्रावधान खारेज गरिएको छ ।

प्रतिनिधिसभाले उक्त विधेयक पारित गरेपछि केही सञ्चारमाध्यममा संख्या सयको प्रावधान यथावत् रहेको समाचार आई भ्रम उत्पन्न भएको थियो । श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शरतसिंह भण्डारीले मध्यान्ह दैनिकसँग कुरा गर्दै नेपाल सरकारले पेश गरेको विधेयक नेपाल सरकारले फिर्ता नलिएसम्म अन्य पक्षले त्यसलाई कसैले तलमाथि गर्न नसक्ने भन्दै विधेयक मन्त्रालयले ड्राफ्ट गरेअनुसार नै पारित भएको बताए ।

मंगलबार विधेयकमाथिको सैद्धानितक छलफलपछि कानुन, न्याय तथा संसदीय मामिलामन्त्री अजयकुमार चौर सियाले 'केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०८१' लाई पारित गरियोस् भनी प्रस्ताव प्रस्तुत गरेका थिए । सो प्रस्तावलाई प्रतिनिधिसभाका बहुमत सांसदहरूले सहमति जनाएका हुन् । विधेयकको सैद्धान्तिक छलफलमा उठेका प्रश्नको जवाफ

»» पृष्ठ २ मा

## यूएईमा २२६ नेपाली कामदारको मृत्यु

**काठमाडौं/मस–** चालू आर्थिक वर्षको ९ महिनामा युनाइटेड अरब इमिरेट्स (यूएई)मा २२६ नेपाली कामदारको ज्यान गएको छ । यूएईस्थित नेपाली दूतावासका अनुसार साउनमा ३० जना, भदौमा ३२, असोजमा ३३, कात्तिकमा ३५, मंसिरमा २४, पुसमा १३, माघमा २५, फागुनमा १७ र चैतमा १७ जना नेपालीको मृत्यु भएको छ । मृत्युदर प्रत्येक महिना औसतमा २५ जनाभन्दा बढी देखिन्छ ।

गत वर्ष यूएईमा २३१ जना नेपाली कामदारले ज्यान गुमाएका थिए । यस वर्ष उक्त संख्या नाघ्ने आंकलन गरिएको छ । यूएईमा सडक दुर्घटना, कार्यस्थल दुर्घटना, हृदयाघात, मुटुसम्बन्धी रोगलगायतका

»» पृष्ठ २ मा


**कुबेतमा रोजगार**

कम्पनी: AMANKO SECURITY COMPANY | शहर: Kuwait
पूर्व स्वीकृत मिति: २०८०/०७/१५ | चलानी नं.: ६०२०९६२१ | LT. No.: 294410 | पुन: विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या | | न्यूनतम योग्यता | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरूष | महिला | | KD | ने. रु. | | | | | | | |
| 1. | Security Guard | 379 | 97 | स. काममा दक्ष | 125 | ५५,३१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ जेठ १, २, ३ र ४ गते (15, 16, 17 & 18 May 2025) मा हुनेछ ।
नोट: पुरूष र महिलाको उचाई क्रमश : ५. ५ फिट र ५. ३ फिटभन्दा माथि हुनु पर्नेछ । भाषा: अंग्रेजी वा अरबिक

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

LINK INTERNATIONAL PLACEMENT SERVICE
Govt. Lic. No.: 821/066/067
LINK INTERNATIONAL PLACEMENT SERVICE PVT.LTD.
Basbari Ward No 3, Kathmandu, Tel.: 01-4956654, 4955978, 9802360330, 9818750078
Email: info@linknepalmanpower.com, Website: www.linknepalmanpower.com, P.O.Box: 9158
ISO 9001 : 2015



**नेपाल वैदेशिक रोजगार व्यवसायी नेवा: समाजको छैठौं साधारण सभा सम्बन्धी अत्यन्त जरूरी सूचना**

नेपाल वैदेशिक रोजगार व्यवसायी नेवा: समाजको २०८२ वैशाख ५ गते बसेको बैठकबाट निर्णय भए अनुसार छैठौं साधारण सभामा नयाँ कार्यसमिति चयन गर्ने भएको हुँदा इच्छुक नेवा: व्यवसायीज्यूहरुले कार्यसमितिको कुनै पदमा उम्मेदवारी दिन चाहनु भएमा २०८२ वैशाख २४ गते बुधबार भित्रमा आफ्ना निवेदन यस नेवा: समाजको कार्यालय पानीपोखरीमा वा निम्न email, whatsapp मार्फत दर्ता गराउनु हुन हार्दिक अनुरोध छ ।

किसन प्रधान
(अध्यक्ष)

नेपाल वैदेशिक रोजगार व्यवसायी नेवा: समाज
पानीपोखरी-३, काठमाडौं, फोन नं. ०१-४००२५९६.
Email:newasamaj25@gmail.com, Whatsapps: ९८५१०५८५०५.

# ‘स्वास्थ्य बीमा कार्यक्रमलाई निरन्तरता दिन ४० अर्ब बजेट आवश्यक’

**काठमाडौं/मस**-स्वास्थ्य तथा जनसंख्यामन्त्री प्रदीप पौडेलले स्वास्थ्य बीमा कार्यक्रमलाई निरन्तरता दिन आगामी आर्थिक वर्षको बजेटमा कम्तीमा ४० अर्ब रुपैयाँ विनियोजन गर्न आवश्यक रहेको बताएका छन् ।

आगामी आर्थिक वर्षको बजेटबारे प्रदेश सरकारहरूसँगको छलफलमा मन्त्री पौडेलले यस्तो बताएका हुन् । उनले गत आर्थिक वर्षमा साढे सात अर्ब रुपैयाँ मात्र बजेट छुट्याइएपनि त्यो पर्याप्त नभएको बताए ।

उनकाअनुसार त्यतिबेला अस्पतालहरूले बीमा बोर्डबाट पाउनुपर्ने बक्यौता मात्रै १६ अर्ब रुपैयाँ रहेको थियो । उनले बक्यौता तिर्नैगरी बजेट विनियोजन नहुने हो भने बीमा कसरी चल्छ ? भन्दै प्रश्न गरे ।



उनले चालु आर्थिक वर्षमा महिनाको औषत खर्च २ अर्ब रुपैयाँको दरले १२ महिनाको २४ अर्ब खर्च हुने अनुमान रहेको बताए । गत वर्षको बाँकी १३ अर्ब रुपैयाँ वक्यौता समेत समावेश गर्दा कुल ३७ अर्ब पुग्ने उल्लेख गर्दै मन्त्री पौडेलले बीमा बोर्डको सञ्चालन खर्च पनि जोडेर कुल ४० अर्ब रुपैयाँ आवश्यक पर्ने स्पष्ट पारे ।

सरकारको लगानी र नागरिकको योगदानबाट बीमा बोर्ड चलाउनुपर्ने उनको भनाइ छ। उनले योगदान नागरिक कोषलाई दिने र उपचार सेवा बीमा बोर्डबाट लिने मोडल उचित नहुने उल्लेख गरे ।

'स्वास्थ्य क्षेत्रका समस्या समाधान गर्न मिलेर काम गरौं'

स्वास्थ्यमन्त्री पौडेलले स्वास्थ्य क्षेत्रका तीनै तह मिलेर काम गर्नुपर्ने प्रस्ताव प्रस्तुत गरेका छन् । स्वास्थ्य समन्वय समितिको तेस्रो बैठकको अध्यक्षता गर्दै उनले तीन तहले छरिएर काम गर्दा नतिजा निस्कन गाह्रो भएकाले मिलेर काम गर्नुपर्नेमा जोड दिए । उनले भने,'एक अर्काले फरकफरक ढंगले काम गरेर नतिजा दिन गाह्रो छ । बजेट नदोहोरिने गरी अहिलेका स्वास्थ्य समस्या समाधान गर्न मिलेर काम गरौं ।'

स्थानीय तह, प्रदेश तथा संघअन्तर्गतका अस्पतालमा भने जति जनशक्ति र स्रोत साधन पुऱ्याउन नसकिएको भन्दै मन्त्री पौडेलले एक अर्काका अस्पतालमा तीनै तहले सहकार्य गर्ने हो भने अहिलेकै जनशक्ति र स्रोत साधनबाट समेत अधिकतम नतिजा दिन सकिने बताए ।

मन्त्री पौडेलले उपचारात्मक सेवा सुधारसँगै रोग लाग्न नदिनका लागि निरोधात्मक पद्धतिमा काम गर्ने प्रयास संघ सरकारले गरिरहेको भन्दै यसमा प्रदेश र स्थानीय तहबाट सहयोग अपेक्षा गरिएको बताए । उनले सबै तहमा बीमालाई व्यवस्थित गर्न सहकार्य आवश्यक रहेको भन्दै यसका लागि समेत सहकार्यको प्रस्ताव गरे ।

बैठकमा विभिन्न प्रदेशका स्वास्थ्यमन्त्री, नगरपालिका तथा गाउँपालिका महासंघका प्रतिनिधि तथा ललितपुर महानगर प्रमुख, बीमा बोर्डका कार्यकारी निर्देशकसँगै मन्त्रालयका अधिकारीहरू सहभागी थिए ।

## रात्रिकालीन समयलाई रमणीय बनाइरहेको एलओडी

मध्यान्ह संवाददाता
काठमाडौं, १६ वैशाख



काठमाडौं ठमेलस्थित एलओडी क्लब विश्वकै उत्कृष्ट ४४ औं परेसँगै चर्चामा छ। डिजे म्युजिकले संगीतका पारखीलाई एलओडी आकर्षण गन्तव्य बन्दै गएको छ। एलओडी क्लबका निर्देशक भुपेन कुँवरले भने 'अन्तर्राष्ट्रिय बजारमा एलओडीलाई कसरी बढीभन्दा बढी मार्केटिङ गर्नेतर्फ हाम्रो ध्यान छ । साथै राष्ट्रिय तथा अन्तर ष्ट्रिय कलाकारको जमघट गराएर ठूला-ठूला कार्यक्रम गर्ने नेपालको पर्यटन उद्योगलाई समेतमाथि उठाउन सक्छ ।'

ठमेल, रात्रिकालीन जीवन वा जीवनका बारेमा सबैका आ-आफ्ना अनुभव छन् । अझ भनौं तीता-मिठा अनुभव सबैसँग हुन्छन् । मानिससँग कति अनुभव र तनाव छ । तीनै तनाव भुलाउने काम एलओडीले गरेको कुँवर बताउँछन् ।

'हाम्रा पाहुनाहरूलाई संगीतको आनन्द र विभिन्न खालका मनोरञ्जन प्रदान गरेर सुमधुर वातावरण बनाउने प्रयास गरिरहेका छौं,' कुँवरले भने,' हामीबाट टाढा गएका पाहुना तथा कहिले नआएका पाहुनाहरूलाई यहाँसम्म ल्याउनुनै हाम्रो कर्म रहेको छ ।'

क्लबको पहिलो प्राथमकिता एकपटक आइसकेका पाहुनालाई पुन:फर्काउने हो । क्लबको अनुशासित वातावरण र कर्मचारीको आतिथ्यता तथा सत्कार पहिलो गहना बनेको छ। मृदुभाषी कर्मचारी र पाहुनाहरूलाई सुरक्षित राख्न सक्नु क्लबको दायित्व हो। क्लबले मनोरञ्जनमात्र दिएको छैन एक सय ५० जना भन्दा बढीलाई रोजगारी समेत दिएको छ। कर्मचारीको निरन्तरको मेहनतले क्लबलाई यहाँसम्म ल्याइ पुऱ्याएको कुँवर बताउँछन् ।

'हामी यहाँ आउने सबै पाहुनालाई एकै नजरले हेर्छौं । यहाँको आतिथ्यताले पुन: ती पाहुनाहरू फर्केर आउनुहोस् भनेर सम्मान गरेर पठाउँछौं । हामी नेपाली समाजदेखि टाढा छैनौं,' उनले उल्लेख गरे,' हामी पनि यहीं समाजका नागरिक हौं । हामीप्रति कोही पनि नकारात्मक नभइदिन् होला । हामीले विशुद्ध व्यवसाय गरेका हौं । हाम्रोतर्फबाट राज्यलाई गर्नुपर्ने दायित्व पुरा गरेका छौं ।'

रात्रिकालीन व्यवसायका धेरै चुनौती रहेको भन्दै क्लबप्रति मुलुकमा र नेपाली समाजमा सकारात्मक धारणा बन्न नसकेको उनले बताए । कुँवरले एलओडी क्लबले क्लबप्रतिको धारणालाई कता-कता चिर्न सकेको दाबी गरे । काठमाडौं आउने देशी तथा विदेशी पाहुनाहरूको पहिलो लिस्टमा एलओडी प्राथमिकतामा पर्न थालेको छ । यो मुलुकका लागि गौरवको विषय बनेको कुँवर बताउँछन् ।

### नागरिकको...

छ। 'प्रदर्शनहरूमाथि प्रतिबन्ध लगाएर, गैरकानुनी बल प्रयोग गरेर र प्रदर्शनकारीहरूलाई बलपूर्वक तितरवितर पार्ने र हिरासतमा लिने कार्य गरेर सरकारले आलोचनालाई दबायो', निर्देशक थपलियाले प्रतिवेदनमा लेखिएको भाषा पढेर सुनाए । यो सन् २०२४ को मानवअधिकारको अवस्थाको विश्लेषण हो ।

प्रतिवेदनअनुसार २०२४ जनवरीमा प्रहरीले राजधानी काठमाडौंस्थित मुख्य सरकारी भवनहरू नजिक रहेका क्षेत्रलाई निषेधित क्षेत्र तोकेको थियो। माइतीघरमा समेत निषेधित क्षेत्र तोकिएको थियो। निषेधित क्षेत्र तोकेर सरकारले माइतीघरमा विरोध प्रदर्शन गरेको आरोपमा कम्तीमा ८ जनालाई पक्राउ गरेको प्रतिवेदनमा उल्लेख छ ।
माइतीघरमा प्रदर्शन गर्न रोक लगाइएको सवालमा विरोध प्रदर्शन गर्ने थप ३ जना फेब्रुअरीमा पक्राउ परेका थिए । २६ फेब्रुअरीमा नेपालभरबाट खाली खुट्टा हिँडेर काठमाडौं आएका मिटर ब्याजपीडितहरू भेला भएको सार्वजनिक पार्कमा प्रदर्शन शिविर तोड्न प्रहरीले बल प्रयोग गरेको प्रतिवेदनमा उल्लेख छ। फेब्रुअरीमै प्रदर्शनकारी संसद् भवनभित्र प्रवेश गरेपछि विरोध प्रदर्शनको जबाफस्वरूप सरकारले निषेधित क्षेत्रको दायरा थप विस्तार गर्दै विरोध प्रदर्शनमाथिको प्रतिबन्धलाई थप कडाइ गरेको थियो ।

६ मार्चमा प्रधानमन्त्री निवास अगाडिको निषेधित क्षेत्रमा विरोध प्रदर्शन गरेका १३ जना पक्राउ परेका थिए । चर्को विरोधपछि अप्रिलदेखि माइतीघर क्षेत्रमा प्रदर्शनहरू गर्न दिइए पनि अन्य प्रमुख सरकारी कार्यालय आसपासका क्षेत्रहरू निषेधित क्षेत्र रहे । मेमा संसद् भवन अगाडि भ्रष्टाचारको विरोध गर्दै प्रदर्शन गरिरहेका ११ विद्यार्थी पक्राउ परेका थिए ।

विरोध प्रदर्शनहरूमा प्रहरीले अश्रुग्यास र घातक हतियारको प्रयोग गर्दै आएको पनि प्रतिवेदनमा उल्लेख छ । अर्थात्, सरकार आलोचनालाई कम गर्ने प्रयासमा रहको एमनेस्टी इन्टरनेसनलको सार छ ।

प्रदर्शनका लागि निषेधित क्षेत्र तोक्ने क्रम बढेको छ । अभिव्यक्ति स्वतन्त्रता कुण्ठित गर्ने प्रयास भएका छन्। पत्रकारमाथि कुटपिट र धम्की बढेको छ। महिला र बालबालिकामाथि हिंसा जारी छ। जातीय हिंसा रोकिएको छैन ।

थुनुवाको अधिकार उल्लंघन भएको छ। प्राकृतिक विपद्, बाढी-पहिरोपीडितले न्यूनतम राहतसमेत पाउन नसकेको अवस्था छ। यस्तोमा नागरिकले विरोध गरे पक्राउ पर्ने र हिरासतमा जानुपर्ने अवस्था सिर्जना भएको छ। यसले नेपालको लोकतन्त्रप्रतिको प्रतिबद्धतामा शंका उत्पन्न भएको प्रतिवेदनको सार छ ।

### जातीय...

हो । जातीय छुवाछुत कसुरमा दिइएको सजाय भने बदर भएको उच्च अदालतका उपरजिस्ट्रार प्रेमप्रकाश थापाले जानकारी दिए ।

'फैसलामा आंशिक उल्टी भएको छ । रुकुम जिल्ला अदालतले २३ जनालाई जन्मकैदको सजाय गरेको थियो । त्यो सदर भएको छ', थापाले भने, 'जातीय भेदभाव तथा छुवाछुतमा जिल्लाले २ वर्ष कैद र ५० हजार रुपैयाँ जरिमाना गरेको थियो । त्यसलाई उच्च अदालतले बदर गरेको छ। पीडितले पाउनुपर्ने क्षतिपूर्ति र जन्मकैदको सजाय सदर नै भएकाले आंशिक उल्टी भएको हो ।'

जन्मकैद २५ वर्ष हुन्छ । यो घटनामा डम्बरबहादुर मल्ल (चौरजहारी नगरपालिका-८ का तत्कालीन वडा अध्यक्ष), सोती गाउँका नेत्रबहादुर मल्ल, रेशम मल्ल, सविन पुन, नवीनकुमार घर्तीमगर, विराज पुन मगर, धनराज राना, भीमबहादुर पुन, रमित पुन मगर, डिल्ली मल्ल ठकुरी, प्रेमबहादुर ठकुरी, सन्तोष मल्ल, मानबहादुर मल्ल, टोपबहादुर मल्ल, मोहन पुन मगर, इर्दबहादुर ठकुरी, तिलक चन्द, लिपेन्द्रकुमार मल्ल, हर्कबहादुर मल्ल, विनोद मल्ल, विष्णु मल्ल, नवराजकी प्रेमिकाका बुबा परिवर्तित नाम '५४ रुकुम पश्चिम ३६' (१) र दाजु '५४ रुकुम पश्चिम ३६' (३)लाई जिल्ला अदालतले जन्मकैदको फैसला सुनाएको थियो ।

उनीहरूको जन्मकैदको फैसला उच्च अदालत सुर्खेतले सदर गरेको हो ।

जिल्ला अदालतले नवराजकी प्रेमिकाका भाइलाई उमेरका आधारमा २५ वर्षभन्दा कम कैद सजाय सुनाएको थियो । जन्मकैदको सजाय पाएका ठकुरी समुदायका १७ जनालाई जातीय विभेदको कसुरमा थप २ वर्ष कैद र ५० हजार रुपैयाँ जरिमाना तोकिएको थियो ।

नवराजकी प्रेमिका र उनकी आमालाई पनि जातीय विभेदमा २ वर्ष कैद सुनाइएको थियो तर प्रेमिका नाबालिका भएकाले १ वर्ष ४ महिना मात्र कैद बसे पुग्ने जिल्ला अदालतको फैसलामा उल्लेख थियो । उच्च अदालतले जातीय विभेद कसुरको सजाय उल्टाएसँगै उनीहरूको सजाय बदर हुने उपरजिस्ट्रार थापाले बताए ।

यो फैसलाको पूर्ण पाठ आउन बाँकी रहेको उनले जानकारी दिए ।

१० जेठ २०७७ को जातीय नरसंहारका रूपमा लिइएको सोती घटनामा सोती गाउँका स्थानीयको आक्रमणबाट नवराज विक, भेरी नगरपालिका- ४ कै १७ वर्षीय गणेश बुढामगर, २१ वर्षका सञ्जु विक, भेरी नगरपालिका- ११ का १८ वर्षीय लोकेन्द्र सुनार, गोविन्द शाही र रुकुम पश्चिमको चौरजहारी नगरपालिका- १ का २० वर्षीय टीकाराम नेपालीको मृत्यु भएको थियो ।

उनीहरूको शव फरक-फरक दिन भेरी नदीको फरक-फरक स्थानमा फेला परेको थियो ।

घटना भएको ३ दिनमा १३ जेठ २०७७ मा पीडित परिवारले २० जनाविरुद्ध जिल्ला प्रहरी कार्यालय जाजरकोटमा किटानी जाहेरी दिएका थिए । जाहेरीका आधारमा प्रहरीले तत्कालीन वडा अध्यक्ष मल्लसहित २० जनालाई पक्राउ गऱ्यो । बाँकी १४ जनालाई पक्राउ परेकाहरूको बयानका आधारमा पक्राउ गरिएको थियो ।

सरकारी वकिल कार्यालयमार्फत ३४ जनाविरुद्ध मुद्दा दायर गरिएको थियो । उनीहरूमध्ये थुनछेक बहसका क्रममा नाबालिका नवराजकी प्रेमिका र भाइसहित ११ जनालाई साधारण तारेखमा छाडिएको थियो ।

यस मुद्दामा जिल्ला अदालतले २०८० मंसिरमा २३ जनालाई जन्मकैदको फैसला सुनाएको थियो । त्यसमा २२ माघ २०८० मा उच्च अदालत सुर्खेतमा पुनरावेदन परेको थियो । त्यसको अन्तिम फैसला मंगलबार भएको हो ।

जिल्ला अदालतले यस घटनामा प्रतिवादीहरूले हुल बाँधेर लखेट्दै, हान्दै गरी ६ जनाको हत्या गरी भेरी नदीको भँगालोमा पुऱ्याएर कुटपिट गरेको खुलेको उल्लेख गरेको थियो ।

### जोडिए...

हुन् । एकता प्रक्रियाका बाँकी कामलाई टुंग्याउँदै दुवै पार्टीले बुधबार बिहान ११ बजे नेपाल प्रज्ञाप्रतिष्ठानमा एकीकरण घोषणा गर्ने जनमत पार्टीका प्रवक्ता शरत्सिंह यादवले बताए ।

दुवै पार्टीले एकीकरणका लागि गठन गरेका कार्यदल र शीर्ष नेतृत्व तहमा चरणबद्ध छलफल भएपछि एकताले आकार लिएको हो ।

दुवै पार्टीले एकीकरण गरेर राष्ट्रिय मुद्दा र जनसवाललाई सशक्त रूपमा उठाउनेगरी एकता गर्न लागेका नेताहरू बताउँछन् ।

पार्टी एकीकरण भएपछि पहिचानवादी शक्ति, आदिवासी जनजाति समुदायहरू एकताबद्ध भएर आफ्ना मुद्दालाई बलियो बनाउन सकिने अपेक्षा रहेको दुवै दलका नेताहरूको भनाइ छ ।

नाउपा र जनमतले ९ बुँदे सम्झौतासहित पार्टी एकीकरण गर्न लागेका हुन् । नाउपाको अन्तिम केन्द्रीय समितिले ९ बुँदे सम्झौतासहित पार्टी एकता गर्ने निर्णय गरेको हो ।

एकीकृत पार्टीको पहिलो वरीयतामा नाउपाका वर्तमान संरक्षक रेशम चौधरी हुने छन् । उनी नयाँ पार्टीमा पनि संरक्षक नै रहने छन् । दोस्रोमा जनमतका अध्यक्ष सीके राउत हुने छन् । उनको पद कार्यकारी समितिको अध्यक्ष हुने छ। नाउपाकी अध्यक्ष रञ्जिता श्रेष्ठ तेस्रो वरीयतामा हुने छन् । उनको पद सहअध्यक्ष हुने छ। दुवै पार्टीले नयाँ बन्ने पार्टीको नाम, झण्डा, चुनाव चिह्न, पदाधिकारीका संख्या आदि विषयमा टुंगो लगाइसकेका छन् । एकीकृत पार्टीको नाम नागरिक जनमत पार्टी अर्थात् नाजपा रहने तय भएको छ । पार्टीको विधान पनि लेखिसकिएको जनमतका सचिव वीपी साहले बताए । नेता-कार्यकर्ताहरूले 'जय नागरिक' भनेर सम्बोधन गर्ने छन् । दुवै पार्टीले पदाधिकारीका विषयमा पनि सहमति गरिसकेका छन्। 'हामी पार्टी एकीकरणमा प्रवेश गरिसक्यौं, पार्टीको नाम, झण्डा, चुनाव चिह्न, अध्यक्षसहितका पदाधिकारीमा मोटामोटी सहमति भइसकेको छ', सचिव साहले भने, 'सचिवालय, केन्द्रीय समितिलगायत पार्टीको तल्लो तहका संरचना बिस्तारै मिलाउँदै जान सकिन्छ ।'

### ७०० जनाको...

५१ सदस्यीय रहने छ । पार्टीको चुनाव चिह्न ढकिया नै रहने छ । ढकिया नागरिक उन्मुक्तिको चुनाव चिह्न हो । पार्टीको झण्डा भने वैजनी रङको चौकुने आयातभित्र ढकिया हुने छ । झन्डा हाल नाउपा र जनमत दुवैले प्रयोग गरिरहेकालाई मिश्रण गरी बनाइएको छ ।

एकतापछि ७ प्रदेशमध्ये जनमत र नागरिक उन्मुक्तिले क्रमशः ३/३ वटामा नेतृत्व लिने छन्। त्यसमध्ये सुदूरपश्चिम, कर्णाली र लुम्बिनीमा नागरिक उन्मुक्तिले र कोशी, मधेश र गण्डकीमा जनमतले नेतृत्व गर्ने छन् । बाग्मतीमा भने २ अध्यक्षात्मक प्रणाली अपनाइने नेताहरूले बताएका छन् । पार्टी एकतापछि प्रज्ञाप्रतिष्ठानमै पहिलो संयुक्त केन्द्रीय समितिको बैठक बस्ने छ भने १९ वैशाखमा निर्वाचन आयोगमा पार्टी दर्ता गरिने छ।

#### छैटौं ठूलो दल

२०७५ सालमा सीके राउतको नेतृत्वमा जनमत पार्टी र १९ पुस २०७८ मा नागरिक उन्मुक्ति पार्टी गठन भएका थिए ।

प्रतिनिधिसभामा जनमत पार्टीका १ प्रत्यक्ष निर्वाचितसहित ६ जना सदस्य र नाउपाका ४ सदस्य छन् । पछिल्लो प्रतिनिधिसभा सदस्य निर्वाचनबाट जनमत राष्ट्रिय पार्टी बनेको हो । नाउपा भने राष्ट्रिय पार्टी बन्न सकेको छैन ।

जनमत र नाउपाबीच एकीकरणपछिको पार्टी तराई-मधेश केन्द्रित ठूलो दल हुने छ भने संसद्मा छैटौं ठूलो हुने छ ।

पार्टी एकीकरण भएपछि प्रतिनिधिसभामा एकीकृकत पार्टी १० सिटका साथ छैटौं स्थानमा पुग्ने छ । संसद्मा अहिले नेकपा (एकीकृत समाजवादी)का १० सांसद छन् ।

### सम्पत्ति...

महिनासम्म पनि सम्पत्ति विवरण किन सार्वजनिक नगरेको ?', उनले प्रश्न गरे, 'प्रधानमन्त्री र मन्त्रीहरूको सम्पत्ति विवरण सार्वजनिक गर्न किन गाह्रो भएको हो सरकार ? कति सम्पत्ति वृद्धि गरेपछि सार्वजनिक गर्ने योजनामा हुनुहुन्छ ? कृपया, जानकारी गराइदिनुहोला ।'

त्यस्तै, गत १२ वैशाखमा नेकपा (माओवादी केन्द्र)का नेता वर्षमान पुनले सरकार गठनको १० महिना बित्दासमेत सम्पत्ति विवरण सार्वजनिक नगरिएको भन्दै कहिले सार्वजनिक गर्ने ? भनेर प्रश्न गरेका थिए ।

सुशासनको पक्षबाट हेर्दा उनीहरूको यो माग जायज भए पनि आफ्ना पालामा उनीहरूले समेत सम्पत्ति विवरण सार्वजनिक गरेका थिएनन्। प्रधानमन्त्री केपी शर्मा ओलीले सुशासनका लागि आफ्नो सरकार गठन भएको दाबी गरिरहँदा १० महिनासम्म आफ्नो मन्त्रिपरिषद्का सदस्यको सम्पत्तिसमेत सार्वजनिक गर्न नसक्नुले ओलीको अभिव्यक्ति अविश्वासिलो बनेको हो ।

संसद्मा सबैभन्दा ठूला दल नेपाली कांग्रेस र एमालेसहितको बलियो गठबन्धन सरकारले भर्खरै मात्र प्रधानमन्त्री ओलीकै नेतृत्वमा उच्चस्तरीय सुशासन आयोग गठन गरे पनि १० महिनासम्म प्रधानमन्त्री र मन्त्रीहरूको सम्पत्ति विवरण सार्वजनिक नगर्नुले सरकारका व्यक्तिहरूप्रति नागरिकको अविश्वास बढाएको विश्लेषकहरू बताउँछन् ।

'भ्रष्टाचार निवारण ऐन, २०५९'मा सार्वजनिक पदमा बहाल गरेको ६० दिनभित्र सम्पत्ति विवरण पेस गर्नुपर्ने व्यवस्था छ। तर, सार्वजनिक गर्नै पर्ने कानुनी बाध्यता नभएका कारण मन्त्रीको सम्पत्ति विवरण अहिलेसम्म सार्वजनिक गर्ने गरेका छैनन्।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पेस भएको सम्पत्ति विवरण सार्वजनिक गर्ने वा नगर्ने निर्णय सरकारले गर्ने भएकाले यसमा कार्यालयले केही जबाफ दिन नसकिने कार्यालयका प्रवक्ता सहसचिव प्रेमप्रसाद आचार्यले बताए ।

'प्रधानमन्त्री र मन्त्रीको सम्पत्ति विवरण कानुनी व्यवस्थाअनुसार नै प्रधानमन्त्री कार्यालयमा प्राप्त भइसकेको छ । व्यक्तिको सम्पत्ति सार्वजनिक गर्ने विषय गोप्य कुरा पनि हो । मन्त्रिपरिषद् बैठकले निर्णय गरेपछि मात्र कार्यालयले सार्वजनिक गर्न सक्छ', उनले भने ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयको वेबसाइटमा सम्पत्ति विवरण प्राप्त भएको उल्लेख छ। तर, प्रधानमन्त्री ओली आफ्नो र मन्त्रीहरूको सम्पत्ति विवरण सार्वजनिक गर्ने चाहनामा नदेखिएका अहिलेसम्मको गतिविधिले संकेत गरेको छ । सार्वजनिक पदधारण गरेको व्यक्तिको सम्पत्ति विवरण हेर्न पाउनेगरी सार्वजनिक गर्नुपर्नेमा गोप्य राखिएको भन्दै सदनमा तीव्र आलोचना भएको छ। प्रधानमन्त्री तथा मन्त्रीहरूको सम्पत्ति विवरण सार्वजनिक गर्ने विषय कानुनमा उल्लेख नभए पनि २०४८ सालमा जननिर्वाचित गिरिजाप्रसाद कोइराला सरकारको पहिलो निर्णय थियो ।

सोही क्रमले निरन्तरता पाइरहेको भए पनि २०६९ चैतमा मन्त्रिपरिषद्का अध्यक्ष बनेका पूर्वप्रधानन्यायाधीश खिलराज रेग्मीले सम्पत्ति सार्वजनिक गर्ने परम्परालाई 'ब्रेक' लगाएका थिए। त्यसयताका केही प्रधानमन्त्री र मन्त्रीहरूले आफ्नो सम्पत्ति सार्वजनिक गरे पनि अधिकांशले लुकाएरै कार्यकाल बिताएका थिए ।

प्रधानमन्त्री तथा मन्त्रीहरूले आफ्नो सम्पत्ति गोप्य राख्दा नागरिकमा आशंका बढेको छ । यही कारण पनि भ्रष्टाचारबाट आर्जित सम्पत्ति सत्तामा पुगेका नेताहरूसँगै छ भन्ने आमबुझाइ छ ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका अनुसार कतिपय मन्त्रीहरूले सरकारलाई नै सम्पत्ति विवरण बुझाएका छैनन्। वर्तमान सरकार मात्र होइन, यसअघिका प्रधानमन्त्री र मन्त्रीहरूले समेत सम्पत्ति सार्वजनिक गरेका थिएनन् । नेकपा (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले पनि प्रधानमन्त्री हुँदा आफ्नो सम्पत्ति सार्वजनिक गरेका थिएनन् । प्रधानमन्त्री दाहालसहित मन्त्रीको सम्पत्ति विवरणबारे प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयको वेबसाइटमा सम्पत्ति विवरण प्राप्त भएको भनिए पनि विवरण सार्वजनिक भएको थिएन । तर, प्रतिपक्षी बेन्चमा रहेका एमालेलगायत सांसदहरूले सरकारलाई सम्पत्ति सार्वजनिक गर्न दबाब दिएका थिए ।

२०८१ चैतमा नेपाली कांग्रेसका महामन्त्री गगन थापाले दलका अध्यक्ष, पूर्वप्रधानमन्त्री, मन्त्रीलगायत सबैको सम्पत्ति छानबिन गर्नुपर्ने माग गरेका थिए। त्यसबेला कांग्रेस सरकारबाहिर थियो । भ्रष्टाचारविरुद्ध संसद्मा आवाज उठाएका महामन्त्री थापाले कांग्रेस, एमाले, माओवादी सबै दलका अध्यक्ष र प्रधानमन्त्री भएका सबैको सम्पत्ति छानबिन हुनुपर्ने बताएका थिए ।

'कांग्रेसका सभापति, एमाले अध्यक्ष, माओवादीका अध्यक्ष, अहिलेका प्रधानमन्त्रीको, भूतपूर्व प्रधानमन्त्रीको, हामी जस्तो मन्त्री भएकाहरूको सबैको सम्पत्ति छानबिन गरौं', थापाको माग थियो ।

राज्यका विशिष्टहरूको सम्पत्ति सार्वजनिक गर्ने र छानबिन गर्नुपर्ने मागलाई बेलाबखत सदनमा ल्याउने थापाले २०४७ सालदेखिका राजनीतिक र प्रशासनिक नेतृत्व लिनेहरू जबाफदेही हुनुपर्ने बताउँदै आएका छन् । यद्यपि, सदनमा चर्को रूपमा उठान भइरहने यो विषय बैठान हुन सकेको छैन ।

सांसदहरूले प्रतिपक्षमा हुँदा जति चर्को स्वरमा सदनमा कुरा उठाउँछन्, उनीहरूको दल सरकारमा पुगेपछि सोही आवाज प्रतिपक्षमा पुगेका दलले उठाउने र सत्तामा पुगेकाले दवाउने प्रयास निरन्तर गरिरहेका छन् ।

केही समयअघि राष्ट्रिय स्वतन्त्र पार्टीले २०४७ सालपछि अनियमितामा मुछिएकाहरूको छानबिन गर्न उच्चस्तरीय छानबिन समितिको माग गरेको थियो भने कांग्रेस महामन्त्रीद्वय थापा र विश्वप्रकाश शर्माले उच्चस्तरीय छानबिन समिति बनाउनुपर्ने पक्षमा उभिएका थिए ।

सत्ताबाहिर रहँदा नेकपा एमालेका कतिपय सांसदहरूले समेत विशिष्ट तथा पूर्वविशिष्टहरूको सम्पत्ति छानबिन गरी सार्वजनिक गर्नुपर्ने आवाज सदनमा उठाउँदै आएका थिए ।

अहिले आएर एमालेका सांसदहरू यो विषय सदनमा नउठिदिए हुन्थ्यो भन्ने चाहन्छन् भने कांग्रेसका सांसदहरू समेत मौन छन् । पञ्चायतकालदेखि अहिलेसम्मका उच्च ओहदामा बसेकाहरूको सम्पत्ति छानबिन गर्ने उद्देश्य राखेर २०७५ कात्तिकमा अधिवक्ता डा. सुरेन्द्र भण्डारीको अगुवाइमा 'नेपालका लागि नेपाली' अभियानसमेत सुरु गरी नागरिक आयोग नै बनाएका थिए। उक्त आयोग अहिले गुमनाम छ ।

### संख्या...

दिँदै मन्त्री चौरसियाले उक्त विधेयकले प्रचलित कानुनमा रहेका प्राविधिक त्रुटिहरूको सुधार गर्दै नेपालको दिगो विकास, सुशासनको प्रत्याभूति र वातावरण संरक्षणमा टेवा पुग्ने विश्वास व्यक्त गरे। त्यसपछि विधेयक निर्णयार्थ पेश भई ध्वनिमतले पारित भएको हो ।

प्रतिनिधिसभाले पारित गरेको यो विधेयक राष्ट्रियसभामा पनि पेश हुनेछ । राष्ट्रियसभाले पारित गरेपछि पुनः प्रतिनिधिसभामा आई सभामुखले हस्ताक्षर गरी राष्ट्रपतिले प्रमाणीकरण गरेसँगै ऐनको रुपमा कार्यान्वयनमा आउनेछ ।

तत्कालीन मन्त्री गोकर्ण विष्टको पालामा १९ फागुन २०७५ मा केही नेपाल ऐन संशोधन गर्ने ऐनमार्फत धरौटी वृद्धि, एकाघर परिवारले २ वटा म्यानपावर कम्पनी राख्न नपाउनेसहित इजाजत नवीकरणका लागि वार्षिक सय जना कामदार अनिवार्यरूपमा पठाउनुपर्ने प्रावधान थप भएको थियो । नेपाल वैदेशिक रोजगार व्यवसायी संघ र अधिकांश वैदेशिक रोजगार व्यवसायीहरूले सुरुवातदेखि नै असहमति जनाएको ऐनको उक्त प्रावधान एक पटक पनि कार्यान्वयनमा नआई खारेजीमा पर्ने भएको छ । इजाजत नवीकरणका संख्या सयको अनिवार्यता र एक पटक पनि कार्यान्वयनमा नआई खारेजीमा जानुले नेपालमा अध्ययन र अनुसन्धान नभई लहड र प्रभावका आधारमा कानुन बन्ने गरेको प्रष्ट भएको कतिपय वैदेशिक रोजगार व्यवसायीको टिप्पणी छ ।

वैदेशिक रोजगार ऐन २०६४ आएको १८ वर्ष भएको छ । श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले हाल ऐन संशोधनको मस्यौदामा छलफल गरिरहेको छ। छलफलमा रहेको ऐनको मस्यौदा व्यवसायी नभई कर्मचारीमैत्री रहेकाले धेरै दफाहरूमा सुधार आवश्यक रहेको अनुभवी व्यवसायीहरूले बताएका छन् ।

### यूएईमा...

कारण नेपालीले ज्यान गुमाउने गरेको नेपाली दूतावासले बताएको छ। वैदेशिक रोजगार बोर्डका अनुसार आर्थिक वर्ष २०६५/६६ देखि हालसम्म वैदेशिक रोजगारीका क्रममा १४ हजारभन्दा धेरै नेपाली कामदारको मृत्यु भएको छ ।

श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शरतसिंह भण्डारी कमाउन र परिवार पाल्न वैदेशिक रोजगारमा गएका नेपालीहरू हिट ट्र्याप र डेथ ट्रयापमा परी काठको बाकसमा फर्कने समस्या डरलाग्दो बनेको बताउँछन् ।

बढ्दो मृत्युदर रोक्न मेडिकल रिपोर्टलाई पूर्णरूपमा डिजिटलाइज गरी नेपालमा हुने स्वास्थ्य परीक्षणलाई प्रमाणीकरण गरी प्रि डिपाचर र प्रि डिसिजन ओरियन्टेशन तालिम सञ्चालन गर्ने नीति पनि कार्यान्वयन गरिने मन्त्री भण्डारीको भनाइ छ ।

**मलेसियामा रोजगार**
कम्पनी : POSITIVE DYNAMIC SERVICES SDN. BHD. शहर : Jalan
पूर्व स्वीकृत मिति: २०८२/०१/१६ चलानी नं.: ६०२३६७६३ LT. No.: 322686

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 31 | 0 | स. काममा दक्ष | 1700 | ५२,९०४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ बैशाख २४ गते (7 May 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**लिङ्क स्टार मेनपावर सर्भिसेज प्रा. लि.**
श्रम ईजाजत पत्र नं. १०२५/०६८/६९
टोखा-१०, सामाखुसी, काठमाडौं, नेपाल, फोन:०१४९५७०४७, मोबाईल: 9705551551, 9761762121, 9816935532
Email: linkstarmanpower@gmail.com, Web: www.linkstar.com.np

**MALAYSIA मा रोजगार**
कम्पनी: CAKRA WIRA SECURITY SERVICES SDN BHD शहर: MALAYSIA
पूर्व स्वीकृत मिति: २०८२/०१/१६ चलानी नं.: ६०२३६७६७ LT. No.: 322684

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 22 | 0 | स. काममा दक्ष | 1700 | ५२,९०४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ बैशाख २४ गते (7 May 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाताले | रोजगारदाताले | रोजगारदाताले | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ रोजगारदाताले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

A.N.S. ASSOCIATES PVT. LTD. ए.एन.एस.एशोशिएट्स प्रा. लि.
Govt. Lic. no.: 473/060/61
Boudha, Mahankal-06, Kathmandu, Nepal | Phone No. 01-5918472, 01-5918424
Mobile :9851089179/9812735209 E-mail : anspasang8125@gmail.com | Website : www.ansassociates.com.np

**मलेसियामा रोजगार**
कम्पनी : CAKRA WIRA SECURITY SERVICES SDN BHD शहर: MALAYSIA
पूर्व स्वीकृत मिति: २०८२/०१/१६ चलानी नं.: ६०२३६७६६ LT. No.: 322732

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 23 | 0 | स. काममा दक्ष | 1700 | ५२,९०४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ बैशाख २४ गते (7 May 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

**मित्र ओभरसिज सर्भिस प्रा. लि.**
श्रम इजाजत नं. २९७/०५८/०५९
सिनामंगल-९, काठमाडौं, फोन: ०१-४११०६८८
Email: mitraoverseas@yahoo.com, शाखा कार्यालय:ईटहरी सम्पर्क नं: ०२५–५८०६८९

**युएई र साउदीमा रोजगार**
कम्पनी: MORALS BUILDING CONTRACTING शहर: DUBAI
पूर्व स्वीकृत मिति: २०८१/११/११ चलानी नं.: ६०२३३६०४ L.T. No.: 319284 पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Painter Assistant | 4 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३६,९६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Building Insulation Worker | 12 | 0 | | 1000 | ३६,९६० | | | | | | | |
| 3. | Building Labour | 15 | 0 | | 900 | ३३,२६४ | | | | | | | |
| 4. | Stone Mason | 10 | 0 | | 1200 | ४४,३५२ | | | | | | | |
| 5. | Construction Carpenter | 5 | 0 | | 1200 | ४४,३५२ | | | | | | | |
| 6. | Asst.Building Bricks | 19 | 0 | | 1000 | ३६,९६० | | | | | | | |

कम्पनी: CADDELL CONSTRUCTION COMPANY DELLC शहर: SAUDI
पूर्व स्वीकृत मिति: २०८१/११/०८ चलानी नं.: ६०२३३३५० L.T. No.: 319144 पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction Labouers | 5 | 0 | स. काममा दक्ष | 1000 | ३६,१९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता पिआइटी ट्रेनिङ सेन्टर जनकपुर, धनुषामा २०८२ बैशाख २४,२५,२६ गते (7,8,9 May 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

Dynamic Sales & Services (P) Ltd.
श्रम इजाजत नं. १०९/०५४/०५५
Post Box No. 2012, Basundhara, Kathmandu, Nepal Phone: 00977-1- 4354614,4356831, 4356625, Fax: 00977-7- 4355570
E-mail: info@dssnepal.com, Website: www.dynamicmanpower.com

**कतारमा रोजगार**
कम्पनी: LINC FACILITY SERVICES शहर: DOHA पुन: विज्ञापन
पूर्व स्वीकृत मिति: २०८१/०३/२८ चलानी नं.: ६०२२२१४६ L.T. No.: 307431 पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labour | 20 | 14 | सम्बन्धित काममा दक्ष | 1000 | ३६,९६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Driver | 5 | 0 | | 1400 | ५१,७४४ | | | | | | | |
| 3. | General Clean Worker | 77 | 0 | | 1000 | ३६,९६० | | | | | | | |

प्रि अन्तर्वार्ता धमाधम भइरहेको छ ।
अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ बैशाख २४ गते (7 May 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

NAUKRI NEPAL Recruitment Service Pvt. Ltd.
Birendra Ayswörya Marga, Mitranagar, Gangabu, Kathmandu
Ph.: 4962686 |4985786 | 4985784 |9801059994, 9801059992, 9801059997, 9801056689
Chitwan Contact No: 056-565123690, 056-56512368, 9769328733, 9763597744,
Itahari Contact No: 9816368105 | 9810591900, Pokhara Contact No : 9856035442 | 9804162771
Email: cv.naukrinepal@gmail.com | Web: www.naukrinepal.com | like us on facebook.com/naukri.nepal
इजाजत पत्र नं. ६५७/०६३/०६४

# 'वर्तमान शासन व्यवस्थाको विकल्प छैन'




**भजनी/मस–** नेपाल कम्युनिष्ट पार्टी (एकीकृत माओवादी केन्द्र) का अध्यक्ष तथा पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले वर्तमान व्यवस्थाको विकल्प पुरानो व्यवस्था हुन नसक्ने बताएका छन्।

जनतासँग माओवादी कार्यक्रमअन्तर्गत तराई-मधेश जागरण हुलाकी मार्ग अभियानका क्रममा कैलालीको टीकापुर नगरपालिका वडा नम्बर ९ झुँगामा मंगलबार आयोजित खबरदारीसभामा उनले जनताको ठूलो बलिदान र त्यागबाट जनताको सार्वभौम अधिकार स्थापित भएको बताउँदै त्यसको विकल्पमा अर्को व्यवस्था हुनै सक्दैन भने। संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थामा आँच आउने गतिविधि हुननदिन सबै राजनीतिक दल र सम्पूर्ण नेपाली जनताब एकताबद्ध हुनुपर्नेमा जोड दिँदै अध्यक्ष दाहालले संविधान कार्यान्वयन तथा आवश्यकतानुसार संशोधन पनि गर्नुपर्ने बताए। देश विकासको जनचाहना पूरा गर्न सरकार पनि इमानदारीपूर्वक लाग्नुपर्ने उनको सुझाव थियो। साथै उनले जनभावना अनुसार काम गर्न र आन्दोलनरत पक्षका जायज माग पूरा गर्न सरकारलाई आग्रह गरे। दुई बालबालिकाको अभिभावकत्व ग्रहणप्रचण्डले कैलालीको भजनीका अनाथ तथा शहीद परिवारका दुई जना बालबालिकाको अभिभावकत्व ग्रहण गरेका छन्।

भजनी नगरपालिका-५ स्थित कर्मेश्वर माध्यमिक विद्यालयमा आयोजित शैक्षिक कार्यक्रममा उनले अल्पसंख्यक राजी समुदायका कक्षा ३ मा अध्ययनरत निन्दु राजी र शहीद परिवारकी कक्षा १० मा अध्ययनरत अनिशा थरूनीको अभिभावकत्व ग्रहण गर्ने घोषणा गरेको अध्यक्ष दाहालको निजी सचिवालयले जनाएको छ।

उनले यी बालबालिकाको शिक्षा र भविष्य निर्माणसम्मको सम्पूर्ण जिम्मेवारी पार्टी र आफूले वहन गर्ने प्रतिबद्धता व्यक्त गरे।

अध्यक्ष दाहालले अभिभावकविहीन तथा शहीद परिवारका बालबालिकाको शिक्षाको सुनिश्चिततताप्रति पार्टी सधैं प्रतिबद्ध रहेको उल्लेख गर्दै सामाजिक न्याय र समानताका निम्ति माओवादीले उठाएका सवाल अझै सान्दर्भिक रहेको बताए। त्यस अवसरमा विद्यालयका शिक्षक, विद्यार्थी, अभिभावक तथा पार्टीका स्थानीय नेता तथा कार्यकर्ताको उपस्थिति थियो।

# नि:शुल्क शिविरमा २५ सय बढीले लिए सेवा

**सूर्यप्रकाश बुढा मगर/मध्यान्ह**
रोल्पा, १६ वैशाख



परिवर्तन गाउँपालिका-२ राङ्सीमा आयोजना गरिएको चार दिने नि:शुल्क स्वास्थ्य शिविरमा २५ सय बढीले सेवा लिएका छन्।

परिवर्तन गाउँपालिका पुतलाचौरको समन्वय,परिवर्तन गाउँपालिका-२ राङ्सी वडा कार्यालय र जनसेवा नमूना मावि राङ्सीको व्यवस्थापक तथा कादुरी एग्रीकल्चरल एण्ड एसोशिएसन ब्रीटिस गोर्खाज नेपाल कास्की-१६ पोखराको आयोजना आयोजित नि:शुल्क शिविरमा २ हजार ५ सय सय १७ जनाले सेवा लिएका हुन्।

जनसेवा नमूना माविको प्राङ्गण परिवर्तन गाउँपालिका-२ राङ्सीमा शनिबारदेखि सुरू भएको शिविर मंगलबारसम्म संचालन भएको थियो।

शिविरको पहिलो दिन शनिबारमा ५ सय ९ जना, दोस्रो दिन ६ सय २९ जना, तेस्रो दिन सोमबार ७ सय ७१ जना र चौथो दिन मंगलबार ६ सय ३८ जनाले सेवा लिएका कादुरी एग्रिकल्चरल एण्ड एसोशिएसन पोखराका वरिष्ठ कलक हमबहादुर रानाले जानकारी दिए।

शिविरमा स्त्रीरोग सम्बन्धी जाँच तथा उपचार, आँखा जाँच तथा मोतीबिन्दु शल्यक्रिया,दाँतको उपचार तथा आवश्यकता अनुसार दाँत उखालि दिने,अन्य स्वास्थ्य जाँच तथा उपचार,आवश्यक अनुसार रगत, दिसा, पिसाबको परीक्षण, आवश्यक अनुसार मुटुको ई.सी.जी. तथा भिडियो एक्स-रे परीक्षण, चिकित्सकको सल्लाह बमोजिम नि:शुल्क औषधी वितरण गरिएको थियो।

नि:शुल्क शिविर सोचेको भन्दा राम्रो भएको कादुरी एग्रिकल्चरल एण्ड एसोशिएसन पोखराका कार्यक्रम डाइरेक्टर क्याप्टेन राजन राईले प्रक्रिया दिए।

# जनताको सेवासँगै कृषिमा व्यस्त पूर्णबहादुर

**सूर्यप्रसाद भुसाल/मध्यान्ह**
प्यूठान, १६ वैशाख



स्वर्गद्वारी नगरपालिका ९ का ३७ वर्षीय वडा सदस्य पूर्णबहादुर घर्ती मगर जनताको सेवासँगै कृषि पेसामा व्यस्त छन्। बिहान-साँझको समयमा उनले परिवारसँगै काम गरी लटरम्म बेमौसमी तरकारी फलाएका छन्। उनी वैदेशिक रोजगारीको सिलसिलामा तीन वर्ष कुवेत बसेर फर्किएका हुन्। तीन वर्षपछि विदेशबाट फर्किएका घर्ती लामाचौरमा सामान्य तरकारी खेती गर्न थालेका थिए। त्यसपछि भने ऋण धन गरेर कृषि पेशामा निरन्तर रुपमा काम गरिरहेछन्।

कृषि पेशामा रहँदै गर्दा उनले आर्थिक वर्ष २०७७/७८ मा धानजोन कार्यक्रम प्यूठानले कृषकका लागि अनुदानको सूचना पाएका थिए। त्यसपटक घर्तीले ५०प्रतिशत अनुदानमा १२ लाख ५० हजार लुम्बिनी प्रदेश सरकारबाट प्राप्त गरी आठवटा टनेलबाट तरकारी खेती विस्तार गरेको बताउँछन्।

हाल घर्ती समाजसेवासहित आफ्नो करिब ४ रोपनी र लिजमा गरी १८ रोपनी जग्गामा बेमौसमी तरकारी खेती गरिरहेका छन्। घर्तीको कृषि फर्ममा काक्रा, भन्टा, खुर्सानी, प्याज, मूला, टमाटर, बन्दा फलिरहेका छन्। उत्पादित तरकारी बजारको कुनै समस्या नभएको घर्ती बताउँछन्। उनले उत्पादन गरेको तरकारी नगरपालिकाले स्थापना गरेको संकलनबाट खपत हुने गरेको छ। यदि बिक्री नभए पनि नगरपालिकाले न्यूनतम मूल्य निर्धारण गरी त्यो मूल्यमा आफै बजार व्यवस्थापन गर्नाले कृषकमा समस्या नभएको उनले बताए। उनले वार्षिक करिब ६ लाख आम्दानी गर्ने बताएका छन्।

घर्ती जस्तै कृषकहरुका लागि विभिन्न यान्त्रिकरणका साधन र प्रविधिमा सहयोग गर्ने गरेको प्रधानमन्त्री कृषि आधुनिकरण परियोजना प्यूठानका प्रमुख चुमान गिरिले बताए।

कार्यालयले थोपा सिँचाइ, टनेल, ड्याङ बनाउने मेसिन सहयोग गरेको छ। किसानको उत्पादनमा वृद्धि गरी स्वदेशमै केही गरौं भन्नेहरुका लागि कार्यालयले विभिन्न प्रविधि हस्तान्तरणका साथै प्राविधिक सहयोग उपलब्ध गराउने गरेको कार्यालय प्रमुख गिरि बताउँछन्। जिल्लामा अहिले विशेष गरी तरकारी, धान र बिउको क्षत्रमा सहयोग गरिएको प्रमुख गिरिले बताएका छन्।

# ६ एआईजीको पदस्थापन



**काठमाडौं/मस–** नेपाल प्रहरीको जनपद समुहतर्फ बढुवा भएका ६जना एआईजीहरुको पदस्थापन गरिएको छ। सोमबार बसेको बैठकले एआईजी बढुवासँगै पदस्थापन गरेको प्रहरी प्रधान कार्यालयले जनाएको छ।

चन्द्र कुबेर खापुङलाई केन्द्रीय अनुसन्धान ब्यूरो 'सीआईबी'मा पदस्थापन गरिएको छ। लालमणी आचार्यलाई कार्य विभाग, कृष्णहरी शर्मालाई प्रशासन विभाग, दान बहादुर कार्कीलाई मानवश्रोत विकास विभाग र राजन अधिकारीलाई अपराध अनुसन्धान विभागमा पदस्थापन गरिएको छ। डा.मनोज कुमार केसीलाई प्रदेश समन्वय विभागमा पदस्थापन गरिएको प्रहरी प्रधान कार्यालयले जनाएको छ।

# अन्तर्देशीय शिक्षासम्बन्धी अनुसन्धान सार्वजनिक

**काठमाडौं/मस–** ब्रिटिस काउन्सिलले नेपालमा अन्तर्देशीय शिक्षा (ट्रान्सनेशनल एजुकेसन-टीएनइ) को वर्तमान अवस्था र भविष्यका सम्भावनाबारे महत्वपूर्ण तथ्यहरू रहेको एक अनुसन्धान प्रतिवेदन सार्वजनिक गरेको छ।

यो प्रतिवेदनमा विद्यार्थी र शैक्षिक संस्थालाई प्राप्त अवसर र उनीहरूले भोगेका चुनौतीहरूका बारेमा प्रकाश पारिएको छ। यो प्रतिवेदन ब्रिटिस काउन्सिलले काठमाडौंमा आयोजना गरेको एक कार्यक्रममा सार्वजनिक गरेको हो। कार्यक्रममा नीति निर्माता, शैक्षिक संस्थानका उच्च प्रतिनिधि, शिक्षा क्षेत्रका सरोकारवाला, शिक्षक तथा अन्तर्राष्ट्रिय शिक्षा विज्ञहरूबिच अन्तर्देशीय शिक्षा (टीएनइ) का विभिन्न पक्षका बारेमा छलफल भएको थियो।

कार्यक्रममा स्वागत मन्तव्य दिँदै ब्रिटिस काउन्सिल नेपालका कन्ट्री डाइरेक्टर रुस्तम मोदीले भने,'नेपालको उच्च शिक्षाको भविष्य निर्माणमा अन्तर्देशीय शिक्षा (टीएनइ) ले महत्वपूर्ण भूमिका निर्वाह गर्न सक्छ। यो प्रतिवेदनले नेपालमा अन्तर्देशीय शिक्षा (टीएनइ) विस्तार गर्दा प्राप्त हुने अवसर र आउने चुनौतीहरू दुबैमा प्रकाश पार्नुका साथै नेपाल र बेलायतका बिचमा उच्च शिक्षा क्षेत्रहरूमा सहकार्य सुदृढ गर्ने सम्भावनालाई देखाएको छ। उच्च शिक्षामा पहुँच अभावको समाधान गर्न, आर्थिक वृद्धिमा योगदान दिन र नेपाली विद्यार्थीहरूलाई गुणस्तरीय शिक्षा अवसरहरू प्रदान गर्न अन्तर्देशीय शिक्षा (टीएनइ)ले मद्दत गर्न सक्छ। हामी प्रतिवेदनका सिफारिसहरूलाई कार्यान्वयन गर्न एवम् नेपालको उच्च शिक्षा क्षेत्रको निरन्तर विकासमा सहयोग गर्न हाम्रा साझेदारहरूसँग मिलेर काम गर्न तत्पर छौं।'

**मलेसियामा रोजगार**
कम्पनी: STRAITS FORCE SECURITY SDN. BHD. शहर: Malaysia
पूर्व स्वीकृत मिति: २०८२/०१/१६ चलानी नं.: ६०२३६७६० L.T. No.: 322719

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security | 97 | 0 | स. काममा दक्ष | 1700 | ५२,५०४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ बैशाख २४ गते (7 May 2025) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्योहोर्ने | स्वदेशमा गरिने म्याद्दे जीवन बिमा कस्ले व्योहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाई टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्योहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्योहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. ३३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नु होला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफूसँग राख्नु होला। ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

DITYA INTERNATIONAL PVT. LTD.
श्रम ई. पत्र नं.: ११७१/०७३/०७४
Sinamanga-9, Manpower Bazar, Kathmandu, Tel.: 01-5912818,9801362589
E-mail : dityaintl3@gmail.com, Web.: www.dityainternational.com

**यूएईमा रोजगारको अवसर**
कम्पनी : AL WASEELAH BLDG.CLEANING SERVICES शहर: UAE
पूर्व स्वीकृत मिति: २०८२/०१/१२ चलानी नं.: ६०२३६७५८ L.T. No.: 322594

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner General | 6 | 0 | स. काममा दक्ष | 1000 | ३६,९६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ बैशाख २४ गते (7 May 2025) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्योहोर्ने | स्वदेशमा गरिने म्याद्दे जीवन बिमा कस्ले व्योहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाई टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्योहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्योहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. ३८०७ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नु होला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफूसँग राख्नु होला। ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

New Light International Pvt. Ltd.
Govt.Lic.No. 1403/074/075
Samakoshi, Kathmandu, Tel.: 97701-4380173-4384185
Mobile No: 9851045653, 9706012065, 9808085788 | Email: info.newlight1403@gmail.com

**मलेसियामा रोजगार**
कम्पनी: Positive Dynamic Services Sdn. Bhd. शहर: Malaysia
पूर्व स्वीकृत मिति: २०८२/०१/१६ चलानी नं.: ६०२३६७५९ LT. No.: 322672

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security | 70 | 0 | स. काममा दक्ष | 1700 | ५२,९०४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ बैशाख २४ गते (7 May 2025) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्योहोर्ने | स्वदेशमा गरिने म्याद्दे जीवन बिमा कस्ले व्योहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाई टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्योहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्योहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. ३३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नु होला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफूसँग राख्नु होला। ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

SAMRAT HUMAN RESOURCES PVT. LTD.
License No: 1729/081/082
Dhumbarahi, Kathmandu- 4, Nepal, Ph No: 01- 4548013, 4548014, 9823073198, 9862340180
9851044152, 9851225179, Mail: info.samrathr@gmail.com, Web: www.samrathr.com

**साउदीमा रोजगार**
कम्पनी: Folwah Saud Ali Maghawi Qasim Auto Maintenance Workshop शहर: Saudi Arabia
पूर्व स्वीकृत मिति: २०८१/०१/१२ चलानी नं.: ६०२३६७५४ L.T. No.: 322571

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Loading And Unloading Worker | 1 | 0 | स. काममा दक्ष | 1000 | ३६,१९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ बैशाख २४ गते (7 May 2025) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्योहोर्ने | स्वदेशमा गरिने म्याद्दे जीवन बिमा कस्ले व्योहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाई टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्योहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्योहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. ३३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नु होला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफूसँग राख्नु होला। ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

अल समिट म्यानपावर प्रा.लि.
श्रम इजाजत पत्र नं. ४९५/०७१/०७२
सामाखुसी, टाउनप्लानिङ, काठमाडौं, फोन नं.: ४३८२२२२, ४३८२४४४, ४३८६५४४, फ्याक्स: नं. ४३८१३६४
Website: www alsmmc com E mail: alsamitmanpower495@gmail com

**यूएईमा रोजगार**
कम्पनी : CITIZEN BUILDING CLEANING SERVICES - L.L.C शहर: ABU DHABI
पुर्व स्वीकृत मिति: २०८१/०६/१४ चलानी नं.: ६०२२६०११ LT. No.: 311488 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner General | 26 | 23 | स. काममा दक्ष | 900 | ३३,२६४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८२ वैशाख २४ गते (7 May 2025) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्योहोर्ने | स्वदेशमा गरिने म्याद्दे जीवन बिमा कस्ले व्योहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाई टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्योहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्योहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. ३३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नु होला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफूसँग राख्नु होला। ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

Golden Achievers International Pvt.Ltd
Basundhara Chauki Kathmandu, Tel: 01-5914478,01-5919381.
Mobile: 9818261234, 9803552057, 9808752412 Itahari: 02 -5590780, 9852085280, 9818455280, 9815360066
Email: goldenint111@gmail.com, web:www.goldenach.com

HIMALAYAN LIFE
प्रधान कार्यालय हातीसार, काठमाडौं, नेपाल
फोन नं. ४४४१४१४, ४४४१७७८, ४४४१६६४, पो.ब.नं. २५९७९

**हकदाबी सम्बन्धी सूचना**

यस कम्पनीबाट जारी तपसिलमा उल्लेख भएका बीमालेखका बीमितहरुले बीमालेख हराएको/नासीएको ले प्रतिलिपी बीमालेखको लागि निवेदन पेश गरेको हुँदा उक्त बीमालेख उपर कसैको हकदाबी भए यो सूचना प्रकाशित मितिले ३५ दिनभित्र कम्पनीको केन्द्रीय कार्यालयमा सबुद प्रमाण सहित हकदाबी दर्ता गर्नुहुन सम्बन्धीत सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। सो अवधिभित्र दाबी दर्ता नभएमा निवेदकहरुको माग बमोजिम प्रतिलिपी बीमालेख जारी गरीने ब्यहोरा समेत सम्बन्धित सबैका लागि जानकारी गराइन्छ।

तपसिल

| क्र.स. | बीमालेख नं. | बीमितको नाम | ठेगाना |
|---|---|---|---|
| 1. | PLI1010003175 | Sunaina Shakya | Lalitpur-20 Lalitpur |
| 2. | PLI1110000519 | Sushmita Raut | Sharada Batase - 7 Kavrepalanchok |

**काठ/दाउरा बोलपत्रद्वारा लिलाम बिक्रिको सूचना**

प्रथम पटक प्रकाशित मिति २०८२/१/१७

यस सा.व.उ.स को वन क्षेत्रबाट आ.व. २०८१/०८२ मा संकलन भई गन्याधुरा गा.पा.१ भत्काडा रेल सडक घाटगद्दी गरी राखेको सल्ला प्रजाति गोलिया थान ए ग्रेड थान १२९ को २२०२.६ क्युफिट र बि ग्रेड थान १०८ को १२१०.७ गरि जम्मा थान २३७ को ३४१३.४ क्युफिट सल्लो जे जस्तो अवस्थामा छ। सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी सिलबन्दी बोलपत्रद्वारा बिक्री गर्न पर्ने भएकोले ईच्छुक व्यक्ति, संघ संस्था, फर्म वा कम्पनीले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र बोलपत्र खरीद गरी २२ औं दिनमा सिलवन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ। विस्तृत जानकारीको लागी सा.व.उ.स. को कार्यालयमा सम्पर्क राख्न सकिनेछ। पूर्ण व्यहोराको सूचना सा.व.उ.स. को कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ।

श्री खडेली सा.व.उ.स गन्यापधुरा गाँउपालिका वडा नं. १ डडेल्धुरा

**लिक्विडेटर कार्यालयको हकदावी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७१-०३-१० गते प्रा.लि.नं. १२३८५८ मा दर्ता भई काठमाण्डौ महानगरपालिका वडा नं. ११ स्थित रहेको **सिन्धु पोलिक्लिनिक एण्ड रेफरेन्स ल्याबरोटरी प्रा.लि.**को मिति २०८२/०१/११ गते सम्पन्न विषेश साधारण सभाको विशेष निर्णयले कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम उक्त कम्पनीलाई स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित गरिएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्वीडेटरको कार्यलयमा हकदाबी गर्न सम्वन्धित सबैको जानाकारीको लागि यो सूचना जारी गरिएको छ।

**लिक्विडेटर: अधिवक्ता हेमराज पोखरेल उपाध्याय**
काठमाण्डौं लयर्स् एण्ड कम्पनी प्रा.लि.,कालिकास्थान, काठमाण्डौ,
सम्पर्क: ९८१८१९४०२९, email:kathmandulawyers.com@gmail.com

**Vacancy Announcement**
A leading foreign recruitment agency is seeking the following position urgently.

CEO/General Manager (Recruitment Field preferred) - 1 (Male /Female)
- Salary - 80k to 100k.
- Salary negotiable.
- Conditions applied.

Documentation - 2 (Male/Female)
- Salary - 25 to 30k + Bonus
- Salary negotiable

PRO Manager (Civil Sector) - 1 (Male /Female)
- Salary - 40 to 70k + commission.
- Conditions applied.

PRO Assistant (Civil Sector) - 2 (Male /Female)
- Salary - 25k + commission.
- Conditions applied.

PRO Manager (Facilities Management Sector/Security Guards sector - 1 (Male /Female)
- Salary - 40k to 60k + commission.
- Conditions applied.

PRO Assistant - 2 (Male /Female) FM Sector
- Salary - 25K + commission.
- Conditions applied.

PRO Manager (Hospitality Sector/ Market/Security) - 1 (Male /Female)
- Salary - 40k to 60k+ commission.
- Conditions applied.

PRO Assistant (Hospitality Sector/Market/security ) - 2 (Male/Female)
- Salary - 25k+ commission.
- Conditions applied.

PRO (Europe sector) - 1 (Male/Female)
- Salary - 30k+ commission.
- Conditions applied.

Receptionist - 1 (Female)
- Salary - 20k

Preferred to Manpower Agency Experience candidates.
Experience candidates walk in interview with cv @ office
Send cv an email : Nepal@leointernationalhrc.com

Govt. Lic. No.: 1596/079/080
LEO International HR Consultancy Pvt.Ltd.
Mid Baneshwor Height, Opposite side of Golyan Tower, Tanka Prasad Road
Telephone: 01- 5912843, 5912844, Cell No: 9816090359, 9851082081, 9808177945, +971562728081

**थाहा नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
ईन्द्रायणीचौर, मकवानपुर
बागमती प्रदेश

**शिलवन्दी दरभाउपत्र स्वीकृत गर्ने आशयको सूचना**

प्रकाशित मिति: २०८२/०१/१७ गते

यस कार्यालयको मिति २०८१/१२/१३ गते राष्ट्रिय दैनिकमा प्रकाशित शिलवन्दी दरभाउपत्र आव्हान सम्बन्धीको सूचना अनुसार निर्धारित म्यादभित्र दर्ता हुन आएका शिलवन्दी दरभाउपत्रहरुको मूल्यांकन गर्दा सार्वजनिक खरिद नियमावली २०६४ (बाह्रौं संशोधन-२०७९) को नियम ३१(ङ) को उपनियम ७ बमोजिम र मूल्यांकनमा सफल दरभाउपत्रहरु मध्येबाट न्युनत्तम मुल्यांकित सारभूत रुपमा प्रभावग्राही तपशिल अनुसारको शिलवन्दी दरभाउपत्र दाताको दरभाउपत्र सार्वजनिक खरिद ऐन २०६३ को दफा २७(१) बमोजिम स्वीकृतिको लागि छनौट गरिएकोले सोही ऐनको दफा २७(२) र दफा ४७ प्रयोजनार्थ ७ दिने आशयको सूचना सम्बन्धित सबै दरभाउदाताहरुको लागि प्रकाशित गरिएको छ।

| सि.नं. | ठेक्का नं. | विवरण | सप्लायर्सको नाम र ठेगाना | कबोल अंक (मू.अ.कर सहित) |
|---|---|---|---|---|
| 1. | THAHA/SEQ/GOODS/04/2081/82 | Procurement and Super interactive flat Panel (LED smart boaed stand, sound system, laptop and printer. | Ultimate Easy Solution Nepal Pvt.Ltd. | 18,53,765.00 |

प्रमुख प्रशासकीय अधिकृत

मध्यान्ह
www.madhyanhadaily.com
१७ वैशाख २०८२ बुधबार
30 April 2025, Wednesday

## सम्पादकीय

# गैरजिम्मेबार गठबन्धन

बैंकिङ क्षेत्रको नियामक जस्तो महत्त्वपूर्ण एवं संवेदनशील निकाय नेपाल राष्ट्र बैंकमा गभर्नर नियुक्ति गर्ने विषयमा सरकार संवेदनहीन तथा गैरजिम्मेबार बनेको छ। गत २४ चैतमा नेपाल राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारी आफ्नो कार्यकाल सकेर गइसकेका छन् तर सरकारले नेपाल राष्ट्र बैंक ऐन, २०५८ अनुसार उनको कार्यकाल सकिन १ महिनाअघि नै नियुक्ति गरिसक्नुपर्ने गभर्नर अहिलेसम्म नियुक्ति गर्न सकेको छैन। नेपाल राष्ट्र बैंक ऐन, २०५८ मा गभर्नर नियुक्तिसम्बन्धी स्पष्ट व्यवस्था हुँदाहुँदै सत्ता गठबन्धनका मुख्य २ दलका नेतृत्वले गैरजिम्मेवारीपूर्वक हस्तक्षेप गर्दा लामो समयदेखि राष्ट्र बैंक गभर्नरविहीन अवस्थामा पुगेको हो। सरकारले गत ११ चैतमा ऐनमा भएको व्यवस्थाअनुसार उपप्रधान तथा अर्थमन्त्री विष्णुप्रसाद पौडेलको संयोजकत्वमा पूर्वगभर्नर विजयनाथ भट्टराई र अर्थविद् विश्व पौडेल सदस्य रहनेगरी गभर्नर सिफारिस समिति गठन गरेको थियो।

नेपाल राष्ट्र बैंकका १ जना डेपुटी गभर्नरसहित ३ जनाको नाम नयाँ गभर्नर नियुक्तिका लागि सो समितिले सिफारिस गर्नेगरी काम गर्नुपर्नेमा महिनौंसम्म बैठक नै बस्न सकेन, जसको मुख्य कारण आगामी गभर्नर कसलाई बनाउने भन्ने विषयको छलफल सिफारिस समितिमा होइन, बालुवाटार र बूढानीलकण्ठमा सीमित हुन पुग्यो। प्रमाणित नभए पनि प्रतिपक्ष दलका नेतादेखि सत्तारूढ दलका केही नेतृत्वले समेत गभर्नर नियुक्तिको विषयमा विचौलियाको भूमिका हाबी भएको टिप्पणीसमेत हुन थाल्यो। सिफारिस समिति भूमिकाविहीन बन्दै जाँदा र सार्वजनिक रूपमा समेत सिफारिस समितिको भूमिकामाथि औचित्य र सदस्यहरूको स्वाभिमानको प्रश्न उठ्न थालेपछि समितिका सदस्य पूर्वगभर्नर विजयनाथ भट्टराईले राजीनामा दिइसकेका छन्।

बैंकिङ क्षेत्रको नियामक निकायमा क्षमतावान् र असल नियतको व्यक्ति मेरिटका आधारमा खोजी गर्न सरकार पारदर्शी ढंगले अगाडि बढ्नुपर्नेमा यस्तो विषयमा समेत खुलेआम राजनीतिक गठबन्धन प्रवेश गराएर गलत वातावरण निर्माण गर्ने काम भइरहेको छ। देशमा आमजनताले विभिन्न माध्यमबाट सघन रूपमा असन्तुष्टि प्रकट गरिरहेको अवस्थामा सरकारले गभर्नरको विषयलाई अनावश्यक रूपमा विवादित बनाउँदा असन्तुष्टिको आगोमा तेल थप्ने काम भएको छ। कानुन र विधिको परिधिभित्र रहेर सरकारले राजनीतिक गठबन्धन र बाँडफाँट बाहिरबाट छिटोभन्दा छिटो मेरिटमा आधारमा गभर्नर नियुक्तिको प्रक्रिया अगाडि बढाओस्।

# विश्वविद्यालय र दलगत राजनीति

*नेपालका विश्वविद्यालयमा राजनीतिको प्रवेश सँगसँगै शिक्षालाई भन्दा पनि दलगत निष्ठालाई प्राथमिकता दिने संस्कार बलियो बन्दै गएको छ...*

अग्रलेख



● चन्द्रबहादुर बस्याल

विश्वविद्यालय शिक्षाको केन्द्र हो, जहाँ ज्ञान, अनुसन्धान र नवप्रवर्तनका बिउ रोपिन्छन्। यो त्यो ठाउँ हो, जहाँ भविष्यका नेता, वैज्ञानिक, विचारक र अभियन्ता तयार हुन्छन्। तर, नेपालको सन्दर्भमा विश्वविद्यालयहरू राजनीतिक हस्तक्षेप र दलगत प्रभावका कारण आफ्नो मूल उद्देश्यबाट क्रमशः विमुख हुँदै गएका छन्।

विश्वविद्यालय राजनीतिको अखडा बन्न थालेपछि शैक्षिक वातावरण बिग्रिएको छ, गुणस्तरीय शिक्षामा क्षति पुगेको छ र विद्वान् उत्पादन गर्ने संस्थाहरू विवाद, आन्दोलन र अस्थिरताको सिकार भएका छन्।

नेपालका विश्वविद्यालयमा राजनीतिको प्रवेश सँगसँगै शिक्षालाई भन्दा पनि दलगत निष्ठालाई प्राथमिकता दिने संस्कार बलियो बन्दै गएको छ। विद्यार्थी संगठनहरू राजनीतिक दलका भ्रातृ संस्थाका रूपमा क्रियाशील छन्, जसले उनीहरूलाई स्वतन्त्र शैक्षिक क्रियाकलापभन्दा बढी आन्तरिक पार्टी राजनीति र शक्ति संघर्षमा संलग्न गराइरहेको छ।

शिक्षण, अनुसन्धान र शैक्षिक व्यवस्थापनमा समेत दलगत भागबन्डा हुँदा योग्यताभन्दा पार्टी नजिकका व्यक्तिहरूले अवसर पाउने क्रम बढेको छ। यसले विश्वविद्यालयभित्र निष्पक्षता र स्वतन्त्रता उत्कृष्टतामा क्षय गराएको छ।

यस्तो अवस्थाले गर्दा विश्वविद्यालयका विद्यार्थीहरू आफ्नो शैक्षिक लक्ष्यमा केन्द्रित हुन नसकी विभिन्न आन्दोलन र हडतालमा तानिन्छन्। प्राध्यापकहरूसमेत आ–आफ्ना पार्टी आस्थाका आधारमा विभाजित हुँदा विश्वविद्यालयभित्र स्वस्थ बहस र विचार विमर्शको वातावरण खलबलिएको छ। शिक्षालाई वैज्ञानिक, तार्किक र सृजनात्मक दृष्टिले अघि बढाउनुपर्ने ठाउँमा भावनात्मक राजनीतिक नारा र ध्रुवीकरणले स्थान लिएको छ।अध्ययन, अध्यापनको निरन्तरता बाधित हुँदा विद्यार्थीहरू अपूरो ज्ञान लिएर विश्वविद्यालयबाट बाहिर निस्कन्छन्, जसले दीर्घकालीन रूपमा देशको मानव पुँजी विकासमा गम्भीर क्षति पुऱ्याउँछ।


विश्वविद्यालय राजनीतिबाट टाढा राख्नुको मुख्य कारण भनेको शिक्षालाई मूल ध्येय बनाएर स्वस्थ र स्वच्छ शैक्षिक वातावरण निर्माण गर्नु हो। जब विद्यार्थीहरू राजनीतिबाहिर रहेर आफ्नो अध्ययनमा ध्यान दिन सक्छन्, तब उनीहरूले आफ्नो क्षमता र प्रतिभाको भरपूर विकास गर्न सक्छन्।

राजनीतिमा सक्रियता चाहिने भए पनि त्यो जागरुक नागरिक बन्ने ज्ञान र चेतनासँग आउनुपर्छ, नकि दलगत लडाइँमा मुछिएर। विश्वविद्यालयले ज्ञान, अनुसन्धान र विश्लेषणात्मक क्षमतामा आधारित भएर लोकतान्त्रिक मूल्य, मानवअधिकार, उत्तरदायित्व र सामाजिक न्यायका विषयमा विद्यार्थीहरूलाई सचेत बनाउनुपर्छ तर कुनै विशेष पार्टीको पक्षमा मोडेर होइन।

नेपालमा पछिल्ला केही वर्षमा देखिएको प्रवृत्तिले विश्वविद्यालयको साखसमेत खस्किएको छ। शैक्षिक क्यालेन्डर ध्वस्त हुँदा समयमै परीक्षा नहुने, नतिजा प्रकाशनमा ढिलाइ हुने, स्नातक र स्नातकोत्तर तहको पाठ्यक्रम अनियमित ढंगले संचालन हुनेजस्ता समस्याहरू सामान्य जस्तै बनेका छन्।

अनुसन्धानका कार्यक्रमहरू बजेटको अभाव मात्र होइन, इच्छाशक्ति र पारदर्शिताको कमीले समेत थलिएका छन्। अन्तर ाष्ट्रिय विश्वविद्यालयहरूसँग प्रतिस्पर्धा गर्नुपर्ने समयमा नेपाली विश्वविद्यालयहरू आन्तरिक राजनीतिक झमेलामा अल्झिएका छन्। यसले योग्य विद्यार्थीहरूलाई विदेश पलायन हुन बाध्य बनाएको छ, जसले 'ब्रेन ड्रेन' अर्थात् प्रतिभा पलायनको गम्भीर समस्या निम्त्याएको छ।

विश्वविद्यालय राजनीतिक हस्तक्षेपबाट मुक्त हुँदा मात्र तिनीहरू आफ्ना मुख्य कार्यहरूमा केन्द्रित हुन सक्छन्– नयाँ ज्ञान सिर्जना,



मौलिक अनुसन्धान, नवीनतम् प्रविधिमा आधारित अध्यापन र सामाजिक रूपान्तरणमा योगदान।

त्यसका लागि विश्वविद्यालयहरूको प्रशासनिक नियुक्तिमा पारदर्शिता, योग्यता र निष्पक्षता अनिवार्य हुनुपर्छ। प्राध्यापकहरूको नियुक्ति र बढुवामा दलगत सिफारिसभन्दा शैक्षिक योग्यता र अनुसन्धान क्षमतालाई आधार मान्नुपर्छ। विद्यार्थी संगठनहरूलाई स्वतन्त्र र गैरदलगत बनाउनेतर्फ ध्यान दिनुपर्छ, जसले शैक्षिक हक, विद्यार्थी कल्याण र बौद्धिक अभिवृद्धिमा मात्र ध्यान केन्द्रित गरोस्।

युवा पुस्तालाई राष्ट्र निर्माणका लागि तयार पार्न विश्वविद्यालयले आफूभित्र आलोचनात्मक सोच, रचनात्मकता र सामाजिक उत्तरदायित्वको चेतना विकास गराउनुपर्छ। यसका लागि स्वतन्त्र, निष्पक्ष र राजनीतिरहित शैक्षिक वातावरण अनिवार्य शर्त हो। यदि विश्वविद्यालयहरूलाई दलगत राजनीतिबाट टाढा राख्न सकिएन भने हामीले शिक्षित तर पक्षपाती, दक्ष तर विभाजित, सक्षम तर स्वार्थी मानव संसाधन उत्पादन गर्ने छौं, जसले दीर्घकालीन रूपमा राष्ट्रिय समृद्धिमा बाधा पुऱ्याउने छ।

यस कारण अबको आवश्यकता भनेको नेपालका विश्वविद्यालयहरूलाई राजनीतिबाट पूर्ण रूपमा अलग गरेर ज्ञान, अनुसन्धान र नवप्रवर्तनको साँचो मन्दिर बनाउने हो। विश्वविद्यालय राजनीतिक लडाइँको होइन, बौद्धिक जागरण र वैज्ञानिक सोचको अखडा बन्नुपर्छ। यसको पहल विश्वविद्यालय प्रशासन, सरकार, राजनीतिक दलहरू, प्राध्यापक, विद्यार्थी र सम्पूर्ण समाजले मिलेर गर्नुपर्छ। नभए, नेपालमा उच्च शिक्षाको साख पुनर्स्थापित गर्ने सपना अझै टाढा रहने छ।

विश्वविद्यालयलाई राजनीति र दलगत प्रभावबाट टाढा राख्नुपर्ने महत्त्वपूर्ण पक्ष भनेको शैक्षिक प्रणालीको सुधार हो। यदि विश्वविद्यालयहरूले शिक्षामा निष्पक्षता र गुणस्तरलाई प्राथमिकता दिन सकेमा मात्र समाजमा सकारात्मक प्रभाव पार्ने अवस्था बन्छ। राजनीतिका कारण उत्पन्न हुने अव्यवस्था र दुरुपयोगलाई हटाउने प्रक्रिया केवल शैक्षिक सुधारको विषय नभई, समग्र राष्ट्रको दीर्घकालीन विकासको एक महत्त्वपूर्ण अंग हो।

नेपालका विश्वविद्यालयहरूलाई दलगत राजनीतिबाट बचाउनका लागि शैक्षिक निकायहरूको प्रशासनमा सुधार आवश्यक छ। यसका लागि प्रमुख कदम भनेको शैक्षिक निर्णयहरूको प्रक्रियामा पूर्ण पारदर्शिता र निष्पक्षता ल्याउनु हो।

विश्वविद्यालयहरूको नेतृत्वमा नियुक्ति प्रक्रिया, पाठ्यक्रम विकास र अनुसन्धान योजनाहरूमा दलगत प्रभावको कुनै स्थान हुनु हुँदैन। यसो नगरेमा, शिक्षा शास्त्रका नाममा पार्टीका हितहरू अघि बढ्ने सम्भावना बढी हुन्छ र त्यसले शिक्षा प्रणालीलाई अव्यवस्थित र कमजोर बनाउँछ।

> विश्वविद्यालयलाई राजनीतिबाट टाढा राख्नु भनेको शिक्षाको स्तरलाई बढाउनु मात्र होइन, एक समृद्ध र प्रगतिशील समाज निर्माण गर्नका लागि आवश्यक कदम चाल्नु हो। सरकार, विश्वविद्यालय प्रशासन र समाजले मिलेर यस प्रक्रियामा काम गर्न आवश्यक छ...

यस्तो राजनीतिबाट मुक्त विश्वविद्यालयहरूले समाजमा कस्तो प्रभाव पार्ने छन् भन्ने कुरा दीर्घकालीन दृष्टिकोणमा विचार गर्नु अत्यन्त महत्त्वपूर्ण छ। जब विद्यार्थीहरू स्वच्छ शैक्षिक वातावरणमा आफ्नो अध्ययनमा ध्यान केन्द्रित गर्न सक्छन्, तब उनीहरूको बौद्धिक विकास सहज र प्रभावकारी हुन्छ। यसले उनीहरूको व्यक्तिगत र सामाजिक क्षमतामा सुधार ल्याउने मात्र होइन, राष्ट्रको समग्र विकासको गति पनि तीव्र बनाउँछ।

शिक्षामा सुधारले मात्र नेपाललाई आर्थिक र सामाजिक रूपमा समृद्ध बनाउन सक्दैन, बरु एउटा सजग र जिम्मेवार नागरिक पुस्ता तयार पार्न पनि मदत पुऱ्याउँछ।

निष्कर्षमा, विश्वविद्यालयलाई राजनीतिबाट टाढा राख्नु भनेको शिक्षाको स्तरलाई बढाउनु मात्र होइन, एक समृद्ध र प्रगतिशील समाज निर्माण गर्नका लागि आवश्यक कदम हो। सरकार, विश्वविद्यालय प्रशासन र समाजले मिलेर यस प्रक्रियामा काम गर्न आवश्यक छ।


जबसम्म यो समस्या समाधान हुँदैन, तबसम्म नेपालका विश्वविद्यालयहरूको उद्देश्य र प्रभाव सीमित नै रहने छ। राष्ट्रको भविष्यको आधारका रूपमा विश्वविद्यालयलाई स्वस्थ र निष्पक्ष वातावरण प्रदान गर्न अत्यन्त महत्त्वपूर्ण छ।

## इतिहासमा आज


३० अप्रिल १४९२ मा स्पेनले औपचारिक रूपमा यहुदीहरूलाई निष्कासन गर्ने घोषणा गरेको थियो।



३० अप्रिल १७७२ मा जोन क्लेसले पहिलो स्केलको पेटेन्ट गरेका थिए।



३० अप्रिल १७८९ मा जर्ज वासिंगटनलाई संयुक्त राज्य अमेरिकाको पहिलो राष्ट्रपतिका रूपमा स्वागत गरिएको थियो।



३० अप्रिल १७८९ मा अमेरिकाले आफ्नो नौसेना विभागको गठन गरेको थियो।



## सामाजिक सञ्जाल



**लेखनाथ पाण्डेय**

ठूला र महत्त्वपूर्ण परियोजना त अघि बढाउन विविध कारणले सकिएन रे ! मानियो। तर, विश्वविद्यालयका उपकुलपति, राष्ट्र बैंकका गभर्नर, राजदूत, आयोगका सदस्यलगायत सामान्य र नियमित काम पनि महिनौंसम्म फत्ते गर्न नसक्ने कस्तो सिस्टम बनायौं हो हामीले ?



**प्रेमकान्त अधिकारी**

असहिष्णु व्यवहार प्रदर्शनले गर्दा राष्ट्रिय अतिजरुरी समस्यालाई थाँती राख्ने प्रवृत्ति बढ्यो, जनविश्वास ह्वात्तै घट्यो। ठग, लुटेराहरू पल्किएर अर्थनीतिअन्तर्गतको एउटा खम्बा धराशायी बन्यो। शहर बजार केन्द्रित सहकारीहरू करोडौं, अर्बौं रकम सहकारीको मर्मविपरीत बनाइए, लुटाइए।



**कृतिका थारू**

नेताको भाषणमा ताली बजाउनु मात्र लोकतन्त्र होइन, लोकतन्त्रको सुन्दर पहिचान नै प्रश्न गर्ने स्वतन्त्रता हो। प्रश्न गर्न पाउनु यसको जन्मसिद्ध अधिकार र कर्तव्य हो। लोकतन्त्रमा सरकार जनताको सेवक हो, मालिक होइन। फरक विचारकै कारण अपराधी बनाउनु इस्टालिनतन्त्र हो तर लोकतन्त्र होइन।



**यादव देवकोटा**

आजको दिनमा राजतन्त्रको वकालत गर्नेको पृष्ठभूमि हेर्दै गयो भने राजतन्त्रकालीन समयमा आफूले या बाउ–बाजेले दरबारबाट लाभ लिएकाहरूको बाहुल्य देखिन्छ। नभए गाउँमा बाउ–बाजे पञ्च भए पनि भएको हुन्छ। केही नभए आफ्नो साँध, सीमा जोडिएको छिमेकी गणतन्त्रमा मेयर, सांसद भएको र त्यो नपचेकाहरू हुन्छन्।

# मलेसिया रोजगारीमा सिन्डिकेटको खतरा

विचार



● डिकबहादुर खत्री 'कुमार'

> मलेसियाले कामदारका लागि नयाँ भर्ना खुलाउँदै गर्दा कामदार पठाउने प्रक्रिया फेरि एक पटक विवादमा तानिएको छ, जसले बंगलादेशको घटना दोहोऱ्याउन सक्ने सन्दर्भलाई सम्झाएको छ ...

यतिबेला नेपाली श्रमिकको आकर्षक गन्तव्य मुलुक मलेसियामा आप्रवासी कामदार भर्ना प्रक्रियालाई 'सिस्टम'का नाममा एकाधिकार गर्ने विषयले चर्चा पाएको छ, जुन प्रक्रिया अवलम्बन गर्ने तयारीसँगै लामो समयदेखि पेसा/व्यवसाय गरेर बसेका व्यवसायीको भविष्य के हुने भन्ने अन्योल बनाएको छ।

अन्तर्राष्ट्रिय श्रम मापदण्ड र कानुनविपरीत, कामदारलाई अत्यधिक आर्थिक भार पार्ने किसिमले विगतमा मलेसियाको स्रोत मुलुक बंगलादेशमा सिन्डिकेटयुक्त मोड्युल अवलम्बन गरिएको थियो, जुन प्रणाली अन्तर्राष्ट्रिय रूपमै विवादितसमेत बन्न पुगेको थियो।

अन्तराष्ट्रिय जगत्मै विवादित बनेपछि बंगलादेशले उक्त सिन्डिकेटयुक्त प्रणालीलाई विस्थापित गरेको थियो, जुन विवादका कारण मलेसियाले पनि आप्रवासी कामदार भर्ना प्रक्रियालाई नै स्थगित गरेको थियो।

यो घटनाको १ वर्षपछि मलेसियाले पुनः नयाँ कामदारका लागि भर्ना खुलाउँदै छ। तर, मलेसियाले कामदारका लागि नयाँ भर्ना खुलाउँदै गर्दा कामदार पठाउने प्रक्रिया फेरि एक पटक विवादमा तानिएको छ। मलेसियाको परराष्ट्र मन्त्रालयले यतिबेला स्रोत मुलुकका दूतावासलाई पत्राचार गरी एम्बेसी मोड्युल, रिक्वायरमेन्ट मोड्युल र बायोमेडिकल मोड्युलका लागि सहयोग गर्न भनेको छ।

एम्बेसी मागपत्र प्रमाणीकरणले दूतावासको क्षेत्राधिकारलाई कुण्ठित गर्छ र लेनदेनको चलखेल बढाउँछ। अनुगमनबिना जस्तासुकै (क्षमता भएका वा नभएका रोजगारदाता) मागपत्रहरू प्रमाणीकरण गर्नुपर्ने बाध्यताको सिर्जना हुन सक्छ। निश्चित संस्थाका नाममा बनेका मागपत्र मात्र प्रमाणीकरण गरिन सक्छ।

रिक्वायरमेन्ट मोड्युल एकाधिकारका लागि सबैभन्दा ठूलो बाधकका रूपमा उदाउन सक्ने सिस्टम हो किनकि यो बिलकुलै नयाँ र यो निर्माणको उद्देश्य नै सिन्डिकेट लगाउनु हो। ठूलो लेनदेनपश्चात् निश्चित व्यावसायिक संस्थालाई मात्र पहुँच दिएर यो सिस्टम प्रयोगमा ल्याएमा इमान्दारीपूर्वक लामो समयदेखि मलेसिया कामदार पठाइरहेका व्यवसायी विस्थापित हुने छन्। बायोमेडिकल मोड्युल २०७२ सालदेखि संचालित नै छ तर दायित्वविहीन छ (वैदेशिक रोजगार नियमावली, २०६४ को नियम ४६ (ख) को (७) उपनियम (६) बर्खिलाप)।

यहाँबाट पास भई गएका तर गन्तव्य पुगेर मेडिकल फेल भएर फर्की आएका कामदारलाई क्षतिपूर्ति नदिएर हजारौं कामदारलाई आर्थिक शोषण गरेको छ। गन्तव्य मुलुकहरूले विभिन्न नाममा ल्याउने श्रमिकको अहित र आर्थिक शोषण हुने यस्ता नियमहरूलाई पठाउने देशका सम्बन्धित मन्त्रालयसँग समन्वय गरी एकीकृत धारणाद्वारा निस्तेज पार्नुपर्छ। आईएलओ, इन्टरनेसनल अर्गनाइजेसन फर माइग्रेसन, जीआईजेड, विभिन्न मानवअधिकारवादी संस्थाहरू, नागरिक समाज, अधिकारकर्मीलगायतका श्रम आप्रवासनमा श्रमिकका लागि काम गरिरहेका संस्थाहरूले सक्रियता देखाई आप्रवासनसम्बन्धी अन्तर्राष्ट्रिय सन्धि सम्झौताको मर्म र भावनाविपरीत यस्ता मापदण्ड हटाउन दबाब दिनुपर्ने देखिन्छ।

जनताले स्वतन्त्र रूपले व्यवसाय गर्न पाउने अधिकार हनन हुनेगरी हुने गरेका यस्ता क्रियाकलाप खेदजनक छन्। नेपालको संविधान, २०७२ को भाग ४ धारा ५१ राज्यले अवलम्बन गर्ने नीतिहरूअन्तर्गत उपधारा (झ) श्रम र रोजगारसम्बन्धी नीतिहरूको (५) वैदेशिक रोजगारीलाई शोषणमुक्त, सुरक्षित र व्यवस्थित गर्न तथा श्रमिकको रोजगारी र अधिकारको प्रत्याभूति गर्न यस क्षेत्रको नियमन र व्यवस्थापन गर्ने संवैधानिक व्यवस्थाको समेत विपरीत हुनेगरी भित्रचाउन खोजिएको एकाधिकारवादी प्रणाली स्वीकार्य छैन।

नेपालको राज्य संयन्त्र र सम्बन्धित मन्त्रालय चनाखो भएर उच्चतम् व्यवस्थापकीय क्षमता प्रदर्शन गरी गन्तव्य मुलुकको दौत्य सम्बन्धसमेतलाई मजबुत बनाउन सक्रिय भूमिका खेल्नुपर्ने देखिन्छ।

**(खत्री प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च, नेपालका वरिष्ठ उपाध्यक्ष हुन्।)**

# व्यापारी हटाइएको १ वर्ष बित्दा पनि पार्किङ योजना अन्योलमै



**सुर्खेत/मस–** सुर्खेतको वीरेन्द्रनगर नगरपालिकाले करिब एक वर्षअघि डोजर प्रयोग गरी हटाएको हटिया लाइन, हङकङ बजार र गोदाम लाइन क्षेत्र अझै प्रयोगविहीन अवस्थामा छ ।

पार्किङ निर्माणको नाममा गरिएको उक्त हस्तक्षेपपछि हालसम्म पनि कुनै निर्माण कार्य सुरू हुन नसक्दा स्थानीय व्यापारीहरू आक्रोशित छन् । नगरपालिकाले २०८० फागुन ३० गते नगर विकास समितिको स्वामित्वमा रहेको जमिन खाली गराउन व्यापारीहरूका संरचनामा डोजर चलाएको थियो । यसअघि माघ १७ गतेभित्र संरचना हटाउन सूचना जारी गरिए पनि व्यवसायीहरूले अटेर गरेपछि नगरपालिका आफैं अघि सरेको थियो । डोजर चलाउँदा व्यापारीहरूबीच तनाव समेत उत्पन्न भएको थियो । केही व्यापारीले विरोधस्वरूप डोजरमाथि ढुङ्गा मुढा प्रहार गर्दा तीन जना कर्मचारी सामान्य घाइते भएका थिए ।

तर, संरचना भत्काइएको करिब एक वर्ष बितिसक्दा पनि पार्किङ निर्माणको काम अगाडि नबढ्दा आलोचना थप चुलिएको छ । खाली गराइएको जमिन अहिलेसम्म प्रयोगमा ल्याइएको छैन भने नगर प्रमुख मोहनमाया ढकालमाथि 'स्टनबाजी'को आरोप लागेको छ ।

व्यापारीहरू भने फेरि आफूहरूलाई भाडामा दिनुपर्ने माग गरिरहेका छन् । बसपार्कमा फेन्सी पसल सञ्चालन गरिरहेका नारायण श्रेष्ठ भन्छन्, 'नगरपालिकाले हतारमा हटायो, तर अहिले पार्किङ बनाउने चासो नै देखिएको छैन । अब पनि काम नहुने हो भने हामीलाई नै पुनः भाडामा दिनुपर्छ ।'

अर्का व्यापारी एलपी पाण्डेले पनि संरचना भत्काएर नगरपालिकाले अन्याय गरेको आरोप लगाए । 'नगरपालिकाले हामीलाई हटायो, ठीकै छ, तर अहिलेसम्म केही सुरु नै भएको छैन । नगरपालिकाले व्यवसायीहरुलाई दुःख दिइरहेको छ,' उनले भने ।

सुर्खेत उद्योग वाणिज्य संघका निवर्तमान अध्यक्ष लक्ष्मण कँडेलले पनि पार्किङ निर्माणमा बहानाबाजी भइरहेको बताए । 'कहिले बजेट त कहिले अन्य बहाना देखाउँदै नगरपालिका पन्छिइरहेको छ' उनले भने ।

यता, नगर प्रमुख ढकालले भने हङकङ बजारमा टेन्डर खुलिसकेको र काम अगाडि बढिरहेको दाबी गरेकी छन् । 'अन्य क्षेत्रका लागि पनि छिट्टै टेन्डर प्रक्रिया अघि बढ्नेछ,' उनले बताइन् । ढिलाइ हुनुमा प्रशासनिक जटिलता र बजेट अभाव मुख्य कारण भएको पनि उनले स्पष्ट पारिन् ।

# कोशी प्रदेश सरकारले ल्यायो ८ अध्यादेश
४. दिल बहादुर तामाङ को बुहारी, सोम लाल लामा तामाङ को पत्नी, बारा जिल्ला, निजगढ न.पा. वडा नं. ६ स्थाई ठेगाना भई हाल बारा जिल्ला निजगढ न.पा. वडा नं. ७ बस्ने **ठूली माया लामा** (ना.प्र.नं. ४०३०/४५६२, बारा, वि.सं. २०४६/०१/२३)

Citizens Bank

**मुख्य कार्यालय:**
पो. ब. १९६८१, नारायणहिटी पथ, काठमाडौं, नेपाल,
फोन: ९७७ १ ४५२७८४२/४३/२४ फ्याक्स: ९७७ १ ४५२७०४४
इमेल: info@ctznbank.com, SWIFT: CTZNNPKA
कल सेन्टर: support@ctznbank.com, ०१-५९७००६८

THE BANKER BANK OF THE YEAR 2024 NEPAL

# कोशी प्रदेशसँग पुलिस स्तब्ध



**काठमाडौं/मस–** विभागीय टोली नेपाल पुलिस क्लबविरुद्ध एकदिवसीय राष्ट्रिय प्रतियोगितामा ऐतिहासिक पहिलो जित दर्ता गर्दै कोशी प्रदेशले एमएम कप एकदिवसीय राष्ट्रिय प्रतियोगितामा विजयी सुरुवात गरेको छ ।

विराटनगरको बैजनाथपुर क्रिकेट मैदानआम सम्पन्न समूह 'बि' अन्तर्गतको पहिलो खेलमा कोशीले पुलिसलाई स्तब्ध पार्ने क्रममा ३७ रनको जित दर्ता गर्‍यो । मात्र ९४ रनको लक्ष्य पछ्याएको पुलिसले २४.५ ओभरमा ५६ रनमा सबै विकेट गुमायो ।

नेपाल पुलिस क्लबको ब्याटिङमा कुनै पनि ब्याटरले दोहोरो अंकमा रन बनाउन सकेनन् । माथिल्लो क्रममा ब्याटिङ गरेका रोहन बिकले ६, अविनाश कर्णले ९, शंकर रानाले ५, दिपक डुम्रेले १, अमित श्रेष्ठले ९ तथा अरुण ऐरि खाता नखोली आउट भए । ३४ रनमा ६ विकेट गुमाएपछि कोशीले पुलिसलाई खेलमा फर्कन दिएन ।

कोशीको बलिङमा डेब्यू गरेका देब्रे हाते स्पिनर प्रेम कामत एक्लैले ५ विकेट लिए । ९ ओभर बलिङ गर्दै ३ मेडन गरेर १५ रन मात्र खर्चिएका कामत प्लेयर अफ द म्याच घोषित भए । अर्का देब्रे हाते स्पिनर प्रकाश कार्कीले ३ विकेट लिए, जुन क्रममा उनले ९ बोहरमा २ मेडन गर्दै १६ रन मात्र खर्चिए । भुपाल लुइँटेलले १ विकेट लिंदा पुलिसले एक विकेट रन आउट मार्फत गुमायो ।

यसअघि टस हारेर ब्याटिङ गरेको कोशी प्रदेशले २९.३ ओभरमा ९३ रनमा सबै विकेट गुमायो । कोशीको ब्याटिंगमा ओपनर रुपक बरालले सर्वाधिक २१ रन बनाए । मिनाश थापा र सुमन गहतराजले समान १५ रन बनाए ।

नेपाल पुलिस क्लबको बलिङमा पेसर सुनिल दौल्यालले ५ विकेट लिए जुन क्रममा उनले ८ ओभरमा २५ रन खर्चिए । बिपिन खत्री र चित्र बिस्टले समान २ विकेट लिए ।

प्रतियोगिता अन्तर्गत समूह 'बि' दोस्रो खेलमा बुधबार कोशी प्रदेशले भारतको आसाम क्रिकेट टिमसँग प्रतिस्पर्धा गर्नेछ । बुधबार कोशीले आसामलाई पराजित गरे फाइनल प्रवेश गर्नेछ । आसामले कोशीलाई पराजित गरेको खण्डमा बिहीबार हुने आसाम र नेपाल पुलिस क्लबविरुद्धको खेलले फाइनल पुग्ने टिमको निर्धारण गर्नेछ । समूह 'ए'को विजेताको रुपमा त्रिभुवन आर्मी क्लब फाइनल प्रवेश गरिसकेको छ ।

प्रतियोगितामा ६ टिम सहभागी छन्, जसलाई दुई समूहमा विभाजन गरिएको छ । समूह 'ए'मा सशस्त्र प्रहरी बल, त्रिभुवन आर्मी क्लब र बागमती प्रदेश छन् । समूह 'बि'मा नेपाल पुलिस क्लब, कोशी प्रदेश र भारतको आसाम क्रिकेट टिम रहेका छन् ।

प्रतियोगिताको विजेता टोलीले रु. ४ लाख नगदसहित ट्रफी, प्रमाणपत्र र मेडल प्राप्त गर्नेछ । उपविजेता टोलीलाई रु. २ लाख नगदसहित ट्रफी, प्रमाणपत्र र मेडल दिइनेछ । त्यस्तै, प्रतियोगिताका उत्कृष्ट खेलाडीलाई रु. २५ हजार, उत्कृष्ट ब्याट्सम्यान र बलरलाई जनही रु. १५ हजार तथा प्रत्येक खेलको प्लेयर अफ द म्याचलाई रु. ४ हजार नगदसहित ट्रफी प्रदान गरिनेछ ।

## टेनिस तदर्थ समितिको संयोजकमा मुल




**काठमाडौं/मस–** मनोहरदास मुलको संयोयकत्वमा २३ सदस्यीय नेपाल टेनिस संघ, तदर्थ समिति गठन गरिएको छ । मुल अघिल्लो कार्यसमितिमा महासचिव थिए ।

बाँकी २२ जना सदस्य रहेका छन् । निरेशबहादुर श्रेष्ठ, दिनेश तुलाधर, विनोद कायश्थ, राजु श्रेष्ठ, अजय विष्ट, जयजिव हाडा, गोपाल ज्ञवाली, गोपाल मानन्धर, गौरी श्रेष्ठ, विष्णुबहादुर थापा, रोविन प्रधान, राजन भट्टराई, गोकुल श्रेष्ठ, गौतमकुमार चौधरी, सुन्दर केसी, कमलबहादुर भट्टराई, नमिता चौधरी, महेश्वर चौधरी, दिनेश श्रेष्ठ, अमृत मानन्धर, मुकुन्द सेन र अशोक गुरुङ सदस्यमा चयन भए ।

समितिले ३ महिनाभित्र राष्ट्रिय खेलकुद परिषद्को स्वीकृतिमा साधारण सभा तथा निर्वाचन सम्पन्न गर्नुपर्ने छ ।


## नबिल बैंक लिमिटेडको तपसिलमा उल्लेखित ऋणीलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

**(प्रकाशित मिति : २०८२/०१/१७)**

यस बैंकबाट ऋण लिएका तपसिल बमोजिमका ऋणीले ऋण लिदाँ गरिदिएको लिखत र ऋण स्वीकृति पत्रको शर्तमा तोकिए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समेतको बैंकको सम्पूर्ण लेना रकम नबुझाई ऋण लिदाँ गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रुपमा पटक पटक तर ताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी चासो नदेखाई ऋण दायित्व फर्छ्यौट गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले सो ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

अतः यस बैंकमा सम्पर्क गरी यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतीस)** दिनभित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक फछ्यौंट गर्न गराउनका लागि सम्बन्धित ऋणी, धितो जमानतकर्ता सहितका अन्य जमानतकर्ता एवं सम्बद्ध सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ । सो म्याद भित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा ऋणी एवं धितोजमानतकर्ताले बैंकलाई लेखिदिएको तपसिल बमोजिमको धितो लिलाम बिक्री गर्ने, सो हुन नसकेमा बैंक आफैंले धितोको सम्पत्ति गैर बैकिङ्ग सम्पत्तिको रुपमा सकार गर्ने वा अन्य व्यवस्था गरी बैंकको आफ्नो लेना असुल उपर गरिनेछ । कथंमकदाचित सो धितोबाट असुल उपर हुन नसके वा आंशिक रकम मात्र असुल उपर भई कर्जा बाँकी रहन गएमा उक्त बाँकी रकम ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ता व्यक्ति तथा निजको हकको अन्य चल अचल सम्पत्ति समेतबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिलिनुका साथै कर्जा असुलीको लागि ऋण असुली न्यायधिकरण एवं अन्य सक्षम न्यायिक निकायमा दावी उजुरी गरिने तथा ऋणी र धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरुलाई समेत कर्जा सूचना केन्द्रको **कालो सूची**मा समावेश गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा समेत ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरु लगायत सम्बद्ध सबैलाई यसै सूचनाबाट जानकारी गराईन्छ ।

धितो जमानत गरिदिने जमानतकर्ता एवं अन्य जमानतकर्ताहरुले माथि उल्लेखित समयअवधी भित्र आफुले जमानत लेखिदिएको कर्जा एवं सोको ब्याज दैदस्तुर चुक्ता भुक्तान गरी आफ्नो धितो एवं जमानत फुकुवा गरी लिन सक्नु हुनेछ सो को लागि समेत यसै सूचना द्वारा सूचित गराईन्छ, अन्यथा माथि उल्लेख गरिए बमोजिम धितो एवं जमानत लेखिएको सम्पत्ति लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकले आफ्नो लेना असुल उपर गर्नुका साथै कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाईने व्यहोरा जमानतकर्ताहरुलाई समेत जानकारी गराईन्छ ।

### तपसिल

१

**ऋणी कम्पनीको विवरण (पर्सा शाखा, चितवन)**

कम्पनी ऐन २०६३ बमोजिम नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा मिति २०७८/०६/२४ मा दर्ता नं. २७४८३२/०७८/०७९ अन्तर्गत दर्ता भएको **सुरदेवि पशुपालन प्रा.लि. ।**
ठेगानाः चितवन जिल्ला राप्ती न.पा. वडा नं. ०१, पिप्ले ।

**कम्पनीका सञ्चालकहरु तथा व्यक्तिगत जमानतकर्ताहरुको नाम र ठेगानाको विवरण**

१. पुण्यप्रसाद पाठकको नाति, डोलराज पाठकको छोरा चितवन जिल्ला पिप्ले न.पा. वडा नं. ०५ बस्ने, ना.प्र.नं. १६५६/०६१ (जारी मितिः २०६१/०६/०४, स्थान चितवन) भएको **चिरन्जीवी पाठक ।**
२. सीता राम उप्रेतीकी नातिनी जनार्दन उप्रेतीकी छोरी चितवन जिल्ला पिप्ले न.पा. वडा नं. ०५ बस्ने, ना.प्र.नं. ३५१००६/१३२७ (जारी मितिः २०६९/१२/१२,स्थान चितवन) भएकी **अजिता पाठक उप्रती ।**
३. कृष्ण प्रसाद सेढाइकी छोरी पुण्यप्रसाद पाठककी बुहारी, डोलराज पाठककी श्रीमती चितवन जिल्ला पिप्ले न.पा. वडा नं. ०५ स्थायी घर भई हाल चितवन जिल्ला राप्ती न.पा वडा नं. ०१ बस्ने, ना.प्र.नं. ७८८ (जारी मितिः २०३६/१०/०६, स्थान चितवन) भएकी **धनमाया पाठक ।**
४. महेश्वर पाठकको नाति, पुण्यप्रसाद पाठकको छोरा चितवन जिल्ला पिप्ले न.पा. वडा नं. ०५ बस्ने, ना.प्र.नं. ७८६ (जारी मितिः २०३६/१०/०६, स्थान चितवन) भएको **डोलराज पाठक ।**

**धितोमा रहेको घर/जग्गाको विवरण**

चितवन जिल्ला पिप्ले न.पा. वडा नं. ०५ बस्ने, **डोलराज पाठक** को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको चितवन जिल्ला पिप्ले न.पा. वडा नं. ०५ नक्सा सिट नं ५ख मा अवस्थित कि.नं. १५५६ क्षेत्रफल १२६९.८४ वर्ग मिटर घर/जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापांत समेत ।

२

**ऋणीको नाम र ठेगानाको विवरण (पर्सा शाखा, चितवन)**

पुण्यप्रसाद पाठकको नाति, डोलराज पाठकको छोरा चितवन जिल्ला पिप्ले न.पा. वडा नं. ०५ बस्ने, ना.प्र.नं. १६५६/०६१ (जारी मितिः २०६१/०६/०४, स्थान चितवन) भएको **चिरन्जीवी पाठक ।**

**व्यक्तिगत जमानतकर्ताको विवरण**

सीता राम उप्रेतीकी नातिनी जनार्दन उप्रेतीकी छोरी चितवन जिल्ला पिप्ले न.पा. वडा नं. ०५ बस्ने, ना.प्र.नं. ३५१००६/१३२७ (जारी मितिः २०६९/१२/१२, स्थान चितवन) भएकी **अजिता पाठक उप्रती ।**

**सुरदेवि पशुपालन प्रा.लि. र चिरन्जीवी पाठक को संयुक्त धितोको विवरण**

धितोमा रहेको घर/जग्गाको विवरणः
चितवन जिल्ला पिप्ले न.पा. वडा नं. ०५ बस्ने, **चिरन्जीवी पाठक** को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको चितवन जिल्ला पिप्ले न.पा. वडा नं. ०५ नक्सा सिट नं ५ख मा अवस्थित कि.नं. १३९९ क्षेत्रफल ०-४-१५-० विघा घर/जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापांत समेत ।

३

**ऋणीको नाम र ठेगानाको विवरण (हेटौंडा चिसापानी शाखा मकवानपुर)**

बुद्धिलाल थिङको नाती, हरि बहादुर थिङको छोरा, मकवानपुर जिल्ला, चुरीयामाई गा.वि.स. वडा नं. ०८ स्थायी ठेगाना भई हाल मकवानपुर जिल्ला, हेटौंडा उ.म.न.पा. वडा नं. १५ बस्ने, ना.प्र.न. ३७८३ (जारी मितिः २०६०/०१/०८ स्थान मकवानपुर), भएको **राजु थिङ ।**

**व्यक्तिगत जमानतकर्ताको विवरण**

रत्न बहादुर लोकी छोरी, हरि बहादुर थिङकी बुहारी, राजु थिङकी श्रीमती, मकवानपुर जिल्ला, चुरीयामाई गा.वि.स. वडा नं.०८ स्थायी ठेगाना भई हाल मकवानपुर जिल्ला, हेटौंडा उ.म.न.पा. वडा नं. १५ बस्ने, ना.प्र.न. ३११०१५/४३४६० (जारी मितिः २०६४/०२/१० स्थान मकवानपुर), भएकी **अमृता कुमारी थिङ ।**

**धितोको विवरण**

धितोमा रहेको घर/जग्गाको विवरणः
मकवानपुर जिल्ला, चुरीयामाई गा.वि.स. वडा नं. ०८ स्थायी ठेगाना भई हाल स्थायी ठेगाना मकवानपुर जिल्ला, हेटौंडा उ.म.न.पा. वडा नं. १५ बस्ने, **राजु थिङ** को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेका मकवानपुर जिल्ला, रातो माटे न.पा. वडा नं. ०८ नक्सा सिट नं. ८ मा अवस्थित कि.नं. ५१९ को क्षेत्रफल ०-५-०-० बिघा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।
सवारी साधनको विवरणः
ऋणी **राजु थिङ** र धनी यस बैंक समेत भएको निजी सवारी साधन दर्ता नं. बा.प्र.०३-००१च-११२१ भएको Tata Pickup Xenon Yodha.

४

**ऋणीको नाम र ठेगानाको विवरण (गल्छी शाखा, धादिङ्ग)**

खडा नन्द न्यौपानेको नाती, गोविन्द प्रसाद न्यौपानेको छोरा, नुवाकोट जिल्ला, कुमरी गा.वि.स. वडा नं. ०६ स्थायी घर भई हाल नुवाकोट जिल्ला, बेलकोटगढी न.पा. वडा नं. ०२ बस्ने, ना.प्र.न. २५१०४४/४०१ (जारी मितिः २०६७/१०/०३ स्थान नुवाकोट) भएको **रामशरण न्यौपाने ।**

**व्यक्तिगत जमानतकर्ताको विवरण**

१. गोवर्द्धन तिमल्सिनाकी छोरी, खडा नन्द न्यौपानेकी बुहारी, गोविन्द प्रसाद न्यौपानेकी श्रीमती, नुवाकोट जिल्ला, कुमरी गा.वि.स. वडा नं. ०६ स्थायी घर भई हाल नुवाकोट जिल्ला, बेलकोटगढी न.पा. वडा नं. ०२ बस्ने, ना.प्र.न ७९६ (जारी मितिः २०४६/०१/३० स्थान नुवाकोट), भएकी **लिला न्यौपाने ।**
२. शिव निधि न्यौपानेको नाती, खडा नन्द न्यौपानेको छोरा, नुवाकोट जिल्ला, कुमरी गा.वि.स. वडा नं. ०६ स्थायी घर भई हाल नुवाकोट जिल्ला, बेलकोटगढी न.पा. वडा नं. ०२ बस्ने, ना.प्र.न. १२९० (जारी मितिः २०४३/०९/१२ स्थान नुवाकोट) भएको **गोविन्द प्रसाद न्यौपाने ।**
३. खडा नन्द न्यौपानेको नाती, गोविन्द प्रसाद न्यौपानेको छोरा, नुवाकोट जिल्ला, कुमरी गा.वि.स. वडा नं. ०६ स्थायी घर भई हाल नुवाकोट जिल्ला, बेलकोटगढी न.पा. वडा नं. ०२ बस्ने, ना.प्र.न. २५०३६९/३३० (जारी मितिः २०६९/०७/१७ स्थान नुवाकोट) भएको **हरी शरण न्यौपाने ।**

**धितोमा रहेको घर/जग्गाको विवरण**

नुवाकोट जिल्ला, कुमरी गा.वि.स. वडा नं. ०६ स्थायी घर भई हाल नुवाकोट जिल्ला, बेलकोटगढी न.पा. वडा नं. ०२ बस्ने, **रामशरण न्यौपान** को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको नुवाकोट जिल्ला, कुमारी गा.वि.स. वडा नं. ०६ नक्सा सिट नं ६ मा अवस्थित कि.नं. ८१० क्षेत्रफल २-१५-०-३ रोपनी घर/जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापांत समेत ।

५

**ऋणी फर्म र फर्मको प्रोपाईटरको नाम र ठेगानाको विवरण (टीकापुर शाखा, कैलाली)**

प्राइभेट फर्म रजिष्ट्रेशन ऐन २०१४ बमोजिम प्रदेश सरकार, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालयमा मिति २०७७/०९/२० मा प्रा.फ.नं. १४७६३, अन्तर्गत दर्ता भएको **होही वेकरी एण्ड क्याफे ।**
ठेगानाः कैलाली जिल्ला टिकापुर न.पा. वडा नं. ०१ ।
ऋणी फर्मका प्रोपाईटरको नाम र ठेगानाको विवरणः
जम बहादुर राईकी छोरी बाल कृष्ण थारुकी बुहारी संजय कुमार चौधरीकी श्रीमती काठमाडौं जिल्ला काठमाडौं म.न.पा. वडा नं. ०६ स्थायी घर भई हाल कैलाली जिल्ला टिकापुर न.पा. वडा नं. ०१ बस्ने, ना.प्र.नं. २११३७ (जारी मितिः २०५१/०२/१६, स्थान काठमाडौं) भएकी **संगिता राई ।**

**ब्यक्तिगत जमानतकर्ताको नाम र ठेगानाको विवरण**

टेक लाल चौधरीको नाति बाल कृष्ण थारुको छोरा कैलाली जिल्ला र तनपुर गा.वि.स. वडा नं. ०३ स्थायी घर भई हाल कैलाली जिल्ला टिकापुर न.पा. वडा नं. ०१ बस्ने, ना.प्र.नं. ६७१०२७/१६२५८ (जारी मितिः २०५०/०७/१७, स्थान कैलाली) भएका **संजय कुमार चौधरी ।**

**धितोमा रहेको घर/जग्गाको विवरण**

कैलाली जिल्ला रतनपुर गा.वि.स. वडा नं. ०३ स्थायी घर भई हाल कैलाली जिल्ला टिकापुर न.पा. वडा नं. ०१ बस्ने **संजय कुमार चौधरी**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको कैलाली जिल्ला टिकापुर न.पा. वडा नं. ०९ नक्सा सिट नं. ९ख मा अवस्थित कि.नं. २३२ क्षेत्रफल १६९.३१ व.मि. जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।

६

**ऋणीको नाम र ठेगानाको विवरण (कौशलटार शाखा, भक्तपुर)**

प्रेम बहादुर कसाहीकी छोरी पूर्ण कुमार तण्डुकारकी बुहारी सुमन तण्डुकारकी श्रीमती काठमाडौं जिल्ला काठमाडौं म.न.पा. वडा नं. ३३ बस्ने, ना.प्र.नं. २७१०६०/३३३९८ (जारी मितिः २०६५/१०/१२, स्थान काठमाडौं) भएकी **पबित्रा साही ।**

**ब्यक्तिगत जमानतकर्ताको नाम र ठेगानाको विवरण**

१. कृष्ण मान तण्डुकारको नाति पूर्ण कुमार तण्डुकारको छोरा काठमाडौं जिल्ला काठमाडौं म.न.पा. वडा नं. ३० बस्ने, ना.प्र.नं. २७१०६०/३१३०९ (जारी मितिः २०६५/०९/०४, स्थान काठमाडौं) भएका **सुमन तण्डुकार ।**
२. सान मान तण्डुकारको नाति कृष्ण मान तण्डुकारको छोरा काठमाडौं जिल्ला काठमाडौं म.न.पा. वडा नं. ३३ स्थायी घर भई हाल काठमाडौं जिल्लाकागेश्वरी न.पा. वडा नं. ०७ बस्ने, ना.प्र.नं. ७६४५ (जारी मितिः २०४४/०९/०९,स्थानःकाठमाडौं) भएका **पूर्ण कुमार तण्डुकार ।**
३. न्हुच्छेलाल श्रेष्ठकी छोरी कृष्ण मान तण्डुकारकी बुहारी पूर्ण कुमार तण्डुकारकी श्रीमती काठमाडौं जिल्ला काठमाडौं म.न.पा. वडा नं. ३३ बस्ने, ना.प्र.नं. २७१०६०/१८३३२ (जारी मितिः २०६५/०१/१५, स्थान काठमाडौं) भएकी **सरिता तण्डुकार ।**
४. कृष्ण मान तण्डुकारकी नातिनी पूर्ण कुमार तण्डुकारकी छोरी काठमाडौं जिल्ला काठमाडौं म.न.पा. वडा नं. ३३ बस्ने, ना.प्र.नं. २७-०१-७२-०४७८६ (जारी मितिः २०७२/०४/१३, स्थान काठमाडौं) भएकी **कविता तण्डुकार ।**

NABIL BANK®
प्रधान कार्यालय, दरवारमार्ग, काठमाडौं फोन नं. ०१-५९७१८७१



**युएईमा रोजगार** कम्पनीः **RAK CLEANING SOLUTIONS LLC** शहरः **RAS AL KHAIMAH**
पूर्व स्वीकृत मितिः २०८०/११/१४ चलानी नं.: ६०२१५५१२ L.T. No.: 300586 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 129 | 197 | स. काममा दक्ष | 800 | २९,५६८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ बैशाख २४ गते (7 May 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**स्काई-वे म्यानेजमेन्ट प्रा. लि.** श्रम इजाजत नं. ९००/०६७/०६८
गौशला, काठमाडौं, नेपाल, फोनः ४५६०१६०, Email: skywaygaushala@gmail.com, Web: www.skywaynepal.com



## नबिल बैंक लिमिटेड, भैरहवा शाखा, रुपन्देही धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी १५ दिने सूचना गोप्य सिलबन्दी बोलपत्र आव्हान गरिएको सम्बन्धी

**(प्रकाशित मितिः २०८२/०१/१७)**

यस बैंकबाट कर्जा लिएका तपसिल बमोजिमका ऋणी फर्मले तथा सो को धितो जमानतकर्ताले ऋण लिंदा गरिदिएको लिखत र ऋण स्वीकृतीपत्रको शर्तमा तोकिए बमोजिम बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा किस्ता तथा ब्याँज समेतका र कमहरु तिर्न बुझाउन पटक पटक मौखिक एवं लिखित तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसँग भएको ऋण कर्जा सम्वन्धी शर्त कबुलियतहरु उल्लङ्घन गरेकोले कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना मिति **२०८१/०४/२४ को आर्थिक अभियान पत्रिका**मा प्रकाशित गरिएकोमा सो बमोजिम समेत ऋणी तथा जमानतकर्ता कसैले पनि ऋणकर्जाको बाँकी सावाँ ब्याज चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी नतिरेको/नबुझाएको एवं ऋण/जमानत दायित्व फछ्यौंट नगरेको हुनाले ऋणी एवं धितो जमानतकर्ताले यस बैंकलाई लेखिदिएको तपशिल बमोजिमको चल अचल सम्पत्ति धितो जहाँ जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्थामा र परिमाणमा प्रचलित कानून, बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ एवं बैंक नियम अनुसार गोप्य सिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना असुल उपर गर्नका लागि यो १५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

धितोमा रहेको उक्त सम्पत्तिहरु गोप्य सिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित सघं सस्थाले यो सूचना प्रकाशित भएको पन्ध्र (१५) दिन (सो दिन बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) को कार्यालय समयभित्र बोलपत्र फाराममा उल्लेखित शर्तहरुको अधीनमा रही रितपुर्वक भरी यस बैंकको **कर्जा असुली विभाग, बिजुली बजार काठमाडौं** वा **भैरहवा शाखा, रुपन्देही** मा आईपुग्ने गरी गोप्य सिलबन्दी बोलपत्र आवेदन पेश गर्न हुन आव्हान गरिन्छ ।

यसै सूचनालाई आधार मानी सम्बन्धित ऋणी तथा जमानतकर्ता तथा सम्बद्ध व्यक्ति समेतले सम्पत्ति लिलाम हुने दिन भन्दा अगावै बैंकमा उपस्थित भई आफुले बुझाउनु पर्ने सम्पूर्ण बाँकी बक्यौता चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरे मा लिलामी कार्य रोक्न सकिने व्यहोरा समेत जानकारी गराईन्छ । प्रस्तुत लिलाम बिक्री प्रक्रियाबाट धितोमा रहेको तपसिल बमोजिमको सम्पत्ति लिलाम बिक्री हुन नसकेमा वा धितोको सम्पत्ति लिलामबाट कसैले सकार गरी नलिएमा बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ बमोजिम बैंक आफैले सकार गरी लिन सक्ने ब्यहोरा समेत ऋणी, धितो जमानतकर्ता एवं सम्बन्धित सबैमा जानकारी गराईन्छ। साथै, लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असूली सम्बन्धी ऐन, २०५८, सो को नियमावली, २०५९ तथा प्रचलित कानून बमोजिम ऋणी तथा जमानतकर्ताको अन्य चल अचल जायजेथा, श्रीसम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा ऋणी, धितो सुरक्षण तथा जमानत दिनु हुने व्यक्ति तथा सम्बन्धित सबैलाई यसै सूचनाद्धारा अवगत गराईन्छ ।

### तपसिल

१

**ऋणी फर्म र फर्मको प्रोपाईटरको नाम र ठेगानाको विवरण**

प्राईभेट फर्म रजिष्ट्रेशन ऐन २०१४ बमोजिम नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग, वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालय, भौरहवा रुपन्देहीमा मिति २०७७/१०/०५ मा प्रा.फ.र.नं. ४९४९२/०७७/७८, स्थानीय व्यापार अन्तर्गत दर्ता भएको **विवेक सप्लायर्स ।**
ठेगानाः रुपन्देही जिल्ला सिद्धार्थनगर न.पा. वडा नं. ०६, रुपन्देही ।
ऋणी फर्मका प्रोपाईटरको नाम र ठेगानाको विवरणः
राम नन्दन ठाकुरकी छोरी विशेरश्वर झाकी बुहारी कमल कान्त झाकी श्रीमती धनुषा जिल्ला मुखियापट्टि मुसर निया गा.वि.स. वडा नं. ०४ स्थायी घर भई हाल रुपन्देही जिल्ला सिद्धार्थनगर न.पा. वडा नं. ०६ बस्ने, ना.प्र.नं. ९८२५०९६९ (जारी मिति २०५८/०७/१९, स्थान धनुषा) भएकी **वविता झा ।**

**व्यक्तिगत जमानतकर्ताको नाम र ठेगानाको विवरण**

१. विशेश्वर झाको नाति कमल कान्त झाको छोरा धनुषा जिल्ला मुखियापट्टि मुसरनिया गा.पा. वडा नं. ०४ स्थायी घर भई हाल रुपन्देही जिल्ला सिद्धार्थनगर न.पा. वडा नं. ०६ बस्ने, ना.प्र.नं. १७-०१-७४-०१३२३ (जारी मितिः २०७४/०२/०३, स्थान धनुषा) भएका **विवेक झा ।**
२. विशेश्वर झाको नाति कमल कान्त झाको छोरा धनुषा जिल्ला मुखियापट्टि मुसरनिया गा.वि.स. वडा नं. ०४ स्थायी घर भई हाल रुपन्देही जिल्ला सिद्धार्थनगर न.पा. वडा नं. ०६ बस्ने, ना.प्र.नं. १७१०७२/४९१ (जारी मितिः २०७०/०२/२६, स्थान धनुषा) भएका **विकास झा ।**
३. दुख्खा झाको नाति विशेश्वर झाको छोरा धनुषा जिल्ला मुखियापट्टि मुसरनिया गाउँ पञ्चायत वडा नं. ०४ स्थायी घर भई हाल रुपन्देही जिल्ला सिद्धार्थनगर न.पा. वडा नं. ०६ बस्ने, ना.प्र.नं. ९८२५१६२८ (जारी मितिः २०४४/०४/०३, स्थान धनुषा) भएका **कमल कान्त झा ।**

२

**ऋणीको नाम र ठेगानाको विवरण**

दुख्खा झाको नाति विशेश्वर झाको छोरा धनुषा जिल्ला मुखियापट्टि मुसरनिया गाउँ पञ्चायत वडा नं. ०४ स्थायी घर भई हाल रुपन्देही जिल्ला सिद्धार्थनगर न.पा. वडा नं. ०६ बस्ने, ना.प्र.नं. ९८२५१६२८ (जारी मितिः २०४४/०४/०३, स्थान धनुषा) भएका **कमल कान्त झा ।**

**व्यक्तिगत जमानतकर्ताहरुको नाम र ठेगानाको विवरण**

१. राम नन्दन ठाकुरकी छोरी विशरश्वर झाकी बुहारी कमल कान्त झाकी श्रीमती धनुषा जिल्ला मुखियापट्टि मुसरनिया गा.वि.स. वडा नं. ०४ स्थायी घर भई हाल रुपन्देही जिल्ला सिद्धार्थनगर न.पा. वडा नं. ०६ बस्ने, ना.प्र.नं. ९८२५०९६९ (जारी मिति २०५८/०७/१९, स्थान धनुषा) भएकी **वविता झा ।**
२. विशेश्वर झाको नाति कमल कान्त झाको छोरा धनुषा जिल्ला मुखियापट्टि मुखियापट्टि मुसरनिया गा.पा. वडा नं. ०४ स्थायी घर भई हाल रुपन्देही जिल्ला सिद्धार्थनगर न.पा. वडा नं. ०६ बस्ने, ना.प्र.नं. १७-०१-७४-०१३२३ (जारी मितिः २०७४/०२/०३, स्थान धनुषा) भएका **विवेक झा ।**
३. विशेश्वर झाको नाति कमल कान्त झाको छोरा धनुषा जिल्ला मुखियापट्टि मुसरनिया गा.वि.स. वडा नं. ०४ स्थायी घर भई हाल रुपन्देही जिल्ला सिद्धार्थनगर न.पा. वडा नं. ०६ बस्ने, ना.प्र.नं. १७१०७२/४९१ (जारी मितिः २०७०/०२/२६, स्थान धनुषा) भएका **विकास झा ।**

**श्री विवेक सप्लायर्स र कमल कान्त झाको संयुक्त धितोको विवरण**

धितोमा रहेको घर/जग्गाको विवरणः
धनुषा जिल्ला मुखियापट्टि मुसरनिया गा.वि.स. वडा नं. ०४ स्थायी घर भई हाल रुपन्देही जिल्ला सिद्धार्थनगर न.पा. वडा नं. ०६ बस्ने, **वविता झा**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको रुपन्देही जिल्ला सिद्धार्थनगर न.पा. वडा नं. ०६ नक्सा सीट नं. १०४०२३७०३ मा अवस्थित कि.नं. १४० क्षेत्रफल ८८.४२ व.मि. को घरजग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।

**लिलामबिक्री सम्बन्धी अन्य शर्तहरु :**

१. बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्रफाराम बैंकको केन्द्रीय कार्यालय, **कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौं**मा वा **भैरहवा शाखा, रुपन्देही** बाट कार्यालय समय भित्र प्राप्त गर्न सकिनेछ ।
२. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र अर्थात मिति २०८२/०१/३१ गते ३:०० बजे भित्र यस बैंकको केन्द्रीय कार्यालय, **कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौं**मा वा **भैरहवा शाखा, रुपन्देही** बुझाई सक्नु पर्नेछ ।
३. प्राप्त बोलपत्रहरु मिति २०८२/०२/०१ गते ४:०० बजे बैंकको **भैरहवा शाखा, रुपन्देही** मा उपस्थित प्रतिनिधि र/वा सरकारी निकायका प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ । तर बोलपत्रदाता, निजको प्रतिनिधि वा अन्य प्रतिनिधिको उपस्थिती नहुँदैमा बोलपत्र खोल्न कुनै बाधा पुग्ने छैन ।
४. बोलपत्र बुझाउने अन्तीम दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिनमा समेत उक्त दिनको ५:०० बजे भित्र तोकिएको स्थानमा बोलपत्र बुझाउन सकिनेछ । त्यस्तै बोलपत्र खोल्ने दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिन ३:०० बजे बोलपत्र खोलिनेछ ।
५. लिलामगर्न लागिएको सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थमा खरीद गरिलिने गरी बोलपत्र पेश गर्नु पर्नेछ । बोलपत्र पेश गर्दा कुन कुन धितोको सम्पत्तिको लागि के कति बोलकबुलगर्न खोजिएको हो स्पष्ट खुलाई पेश गर्नुपर्नेछ । बैंकले सबै वा कुनै धितो पूर्ण वा आंशिक रुपमा समेत स्वीकार गर्न सक्नेछ, यस सम्बन्धी अन्तीम निर्णय गर्ने अधिकार बैंकमा निहित रहनेछ ।
६. बोलपत्रमा आफुले सकार गरी लिनचाहेको सम्पत्ति के कति रकममा खरीद गरी लिन चाहेको हो सो को अंक तथा अक्षरमा स्पष्टसाग लेखिएको हुनु पर्नेछ र आफुले कवोल गरेको रकमको कम्तिमा १० प्रतिशतले हुन आउने रकम धरौटी वापत अन्य बैंक वित्तीय संस्थाको ड्राफ्ट/मेनेजर/बैंकर्स चेक वा बैंक जमानत समेत बोलपत्र साथ समावेश गरी पेश गर्न सकिने छ । धरौटी स्वरुप जम्मा गरिएको रकममा व्याज दिईने छैन ।
७. बोलपत्रदाताको बोलपत्र स्वीकृत भएमा सो को जानकारी सम्बन्धित बोलपत्रदातालाई बोलपत्रमा उल्लेखित ठेगानामा लिखित रुपमा पठाईनेछ । स्वीकृत बोलपत्रदाताले बैंकले तोकेको अवधीभित्र आफुले कबुल गरेको सम्पूर्ण रकम नगदै जम्मा गर्नुपर्नेछ । साथै उक्त समय भित्र कवुल गरेको रकम दाखिला नगरेमा धरौटी वापत राखिएको रकम बैंकले जफत गर्न सक्नेछ ।
८. सम्पत्तिको स्वामित्व हस्तान्तरण गर्दा सरकारी कार्यालयमा लाग्ने सम्पूर्ण शुल्क/दस्तुर सकार गरी लिने व्यक्ति स्वयंले तिर्नु बुझाउनु पर्नेछ ।
९. कुनै अड्डा, अदालतबाट लिलाम सम्बन्धी कार्य रोक्का वा वदर गर्ने आदेश भएमा लिलाम रोक्का वा वदर हुनेछ । त्यस्तो अवस्थामा बोलपत्रदाताले धरौटीवापत जम्मा गरेको रकम सम्बन्धित व्यक्तिलाई फिर्ता दिईनेछ । तर सो मा कुनै व्याज प्रदान गरिने छैन ।
१०. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ । रीत नपुर्‍याई दर्ता हुनआएको बोलपत्रउपर कुनै कारवाही हुने छैन ।
११. लिलाम बिक्री गरिने सम्पत्तिको बारेमा थप जानकारी आवश्यक परेमा यस बैंकको **भैरहवा शाखा, रुपन्देही** मा कार्यालय समय भित्र सम्पर्क गरी बुझ्न सकिनेछ ।
१२. अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ ।

NABIL BANK®
प्रधान कार्यालय, दरवारमार्ग, काठमाडौं फोन नं. ०१-५९७१८७१

# ५ वर्षमा २१ अर्बको चिया निर्यात




**छबि सापकोटा/मध्यान्ह**
काठमाडौं, १६ वैशाख ।

नेपालमा कृषिजन्य उत्पादनको आयात निरन्तर बढीरहेको अवस्थामा चियाको भने निर्यात बढ्दो छ । नेपालमा बढ्दो आयातले व्यापार घाटा चुलिरहँदा चिया निर्यातले भने सकारात्मक सम्भावना देखाएको हो । राष्ट्रिय चिया तथा कफी विकास बोर्डको तथ्यांकअनुसार नेपालबाट हरेक वर्ष चियाको निर्यात बढीरहेको छ । नेपालबाट पछिल्लो पाँच वर्षमा २१ अर्ब २६ करोड २६ लाख भन्दा बढीको चिया निर्यात भएको बोर्डले जनाएको छ ।

चालु आर्थिक वर्ष (आव) २०८१/८२ मा चार अर्ब ५० करोड रुपैयाँ बराबरको चिया निर्यात गर्ने अपेक्षा गरिएको छ ।

बोर्डको आव २०८०/८१ को तथ्यांकअनुसार नेपालमा कुल २० हजार सात सय ६० हेक्टर जमिनमा चिया रोपिएको छ । नेपालमा १५ हजार दुई सय तीन जना चिया कृषकहरू, एक सय ७१ वटा टी-स्टेट र साना मझौला गरी एक सय २० वटा चिया प्रशोधन केन्द्रहरूमार्फत् करिब ६० हजारले रोजगारी पाएको बोर्डले जनाएको छ ।

भन्सार विभागको पछिल्लो तथ्यांकअनुसार चैत मसान्तसम्म नेपालले तीन अर्ब ५७ करोड रुपैयाँ बराबरको चिया निर्यात गरेको छ । चियाको मुख्य सिजनको पहिलो टिपाइ सुरु भएको हुँदा यस वर्ष चार अर्ब ५० करोडको चियाको निर्यात हुने अनुमान गरिएको राष्ट्रिय चिया तथा कफी विकास बोर्ड कार्यकारी निर्देशक फाइन्द्रराज पाण्डेले बताए ।

कृषि तथा पशुपन्छी विकास मन्त्री रामनाथ अधिकारीले मुलुकको व्यापारघाटा बढीरहेको अवस्थामा चियामा आत्मनिर्भर मात्रै होइन, भार तसहित तेस्रो मुलुकमा समेत निर्याततले नेपाली चियामा अपार सम्भावना रहेको बताउँछन् । उनले नेपाली चिया प्रमुख निर्यातजन्य बालीका रूपमा रहेको बताए । उनले आगामी आर्थिक वर्ष चियामा लगानी बढाउने, नयाँ बजारको पहिचान गर्ने, चियालाई पर्यटनसँग जोड्ने र युवा तथा महिला उद्यमीलाई चियामा आकर्षित गर्ने गरि कार्यक्रम ल्याइने बताए ।

नियार्तसँगै चियामा थप लगानी आकर्षण र चियालाई पर्यटनसँग जोड्ने, अर्गानिक प्रमाणिकरणमा सहयोग गर्ने र स्टार्टप समोर्ट कार्यक्रम अन्तर्गत युवा तथा महिला उद्यमीहरूलाई चियामा आकर्षण गर्न रणनीति बनाउने हो भने चियामा नेपाल आत्मनिर्भर बन्ने देखिन्छ। नेपाली चियाखेतीलाई अझै व्यवस्थित गर्न सक्ने हो भने नेपाल चियामा आत्मनिर्भर बन्न सक्ने देखिन्छ ।

# राष्ट्रपतिद्वारा शुक्रबार नीति तथा कार्यक्रम प्रस्तुत हुने



**काठमाडौं/मस** – राष्ट्रपति रामचन्द्र पौडेलले आउँदो शुक्रबार संघीय संसद्का दुवै सदनको संयुक्त बैठकमा आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम प्रस्तुत गर्ने भएका छन् । प्रतिनिधिसभाको मंगलबारको बैठकमा सभामुख देवराज घिमिरेले त्यससम्बन्धमा राष्ट्रपति कार्यालयबाट प्राप्त पत्र सभासमक्ष वाचन गरेर जानकारी दिएका हुन् । नेपालको संविधानको धारा ९५ मा राष्ट्रपतिले संघीय संसद्का दुवै सदनका संयुक्त बैठकमा सरकारको आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम पेस गर्ने व्यवस्था छ ।

सभामुख घिमिरेले शुक्रबार अपराह्न २:४५ बजेभित्र भित्र निर्धारित पोशाकमा सदनमा उपस्थित भइसक्न सांसदहरूलाई आग्रह गरेका छन् ।

# भन्सार विधेयक पारित



**काठमाडौं/मस** – प्रतिनिधिसभाको मंगलबारको बैठकले 'भन्सार सम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक, २०८१' बहुमतले पारित गरेको छ । उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेलले उक्त विधेयक पारित गरियोस् भनी प्रस्ताव पेस गरेका थिए । विधेयकमाथिको छलफलमा सांसद प्रभु साहले प्रस्तुत विधेयकमा भएको व्यवस्थाले सीमा क्षेत्रको जनतालाई दुःख दिने बताए । अवैध रूपमा चोरी पैठारी भएका सामान समाउने नाममा व्यक्तिको निजी सम्पत्ति जफत गर्ने व्यवस्था विधेयकमा राख्न नहुने सांसद साहको धारणा थियो ।

सांसद हेमराज राईले छिमेकी मुलुकसँगको खुला सीमानाका कारण भन्सार प्रशासनका कामको प्रभावकारिता कमजोर भएको बताए । पर्याप्त जाँच उपकरणहरू राख्नुपर्ने र सीमा क्षेत्रमा सुरक्षाकर्मीको गस्ती बढाउने कुरामा पनि उनले जोड दिए । सांसद गंगा कार्कीले व्यापार व्यवसाय गर्नेलाई परेका समस्या समाधान गर्न विधेयक सहयोगी हुने बताइन् । विधेयकका माध्यमबाट आयात-निर्यात सहज हुने उनले बताइन् ।

सांसद शिव नेपालीले भन्सार प्रशासनमा प्रविधिको प्रयोगलाई विधेयकले बढावा दिने विश्वास व्यक्त गरे । सांसद गणेश पराजुलीले भन्सार क्षेत्रमा देखिएका समस्या समाधानका लागि नयाँ कानुनी व्यवस्था आवश्यक रहेको र नेपाल सन् २०२६ सम्ममा अल्पविकसित मुलुकबाट विकासशील देशमा रुपान्तरण हुँदा व्यहोर्ने कर तथा गैरकर अवरोधबारे बुझ्न सहज हुने बताए ।

विधेयकमाथिको छलफलमा सांसदहरू प्रेम सुवाल, माधव सापकोटा, रणेन्द्र बराली, किरण कुमार साहलगायत प्रतिनिधिसभा सदस्यले आफ्ना धारणा प्रस्तुत गरेका थिए। विधेयकका सम्बन्धमा सांसदहरूले उठाएका जिज्ञासाको जवाफ दिँदै अर्थमन्त्री पौडेलले अर्थ समितिमा पर्याप्त छलफल भएर परिष्कृत रूपमा संशोधनसहित विधेयक आएको बताए । 'भन्सार बिन्दुहरुमा बेथिति नहोस्, व्यवसायीहरू पनि अनावश्यक रूपमा पीडित नहुन् भन्नेलगायत सुझाव आएका छन्, यी सुझाव सकारात्मक छन्, यो विधेयक पारित हुँदा भन्सार व्यवस्थापनमा गुणात्मक सुधार आउने छ, भन्सार प्रशासनमा सुशासन र पारदर्शिता प्रवर्द्धनमा सहयोग पुग्नेछ', उनले भने ।

# एमआरपी प्रावधानका जटिलतामा वाणिज्यमन्त्रीको ध्यानाकर्षण



**काठमाडौं/मस** – नेपाल समुद्रपार निकासी पैठारी संघले बिक्रीका लागि बजार पठाउने सामानको लेबलमा अनिवार्यरूपमा अधिकतम खुद्रा बिक्री मूल्य (एमआरपी) उल्लेख गर्नुपर्ने कानुनी प्रावधानबाट सिर्जित जटिलताबारे उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीको ध्यानाकर्षण गराएको छ। संघका उपाध्यक्ष अनिलकुमार अग्रवालले नेतृत्व गरेको प्रतिनिधि मण्डलले मंगलबार वाणिज्यमन्त्री भण्डारीलाई उनकै कार्यकक्षमा भेटेर एमआरपी उल्लेख गर्ने कानुनी प्रावधानबाट उत्पन्न समस्या जानकारी गराउँदै सहजीकरणका लागि आग्रह गरेको हो । वर्तमान सरकारले व्यापार व्यवसायसँग सम्बन्धित कानुनहरुमा रहेका कमी कमजोरी हटाउन गरेको पहलबाट लगानीकर्ता र व्यवसायीमा सकारात्मक ऊर्जा प्राप्त भइरहेका बेला वस्तुको लेबलमा अनिवार्यरूपमा एमआरपी उल्लेख गर्नुपर्ने प्रावधान लागू हुँदा व्यवसायमा जटिलता थपिएको संघको भनाइ छ ।

वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागले उपभोक्ता संरक्षण ऐन, २०७५ को दफा ६ को उपदफा २ (च) मा उल्लेख भएको 'बिक्रीका लागि बजार पठाउने वस्तुको लेबलमा उक्त वस्तुको मूल्य, ब्याच नम्बर र उत्पादन मिति लगायत ६ थरी विवरण खुल्ने लेबल टाँस्नुपर्ने' प्रावधान गत चैत २० देखि अनिवार्य गरेसँगै जटिलता उत्पन्न भएको गुनासो संघमा आबद्ध व्यवसायीले गरिरहेका छन् ।

# 'बजाज ग्रान्ड कार्निभल' भृकुटीमण्डपमा सुरु




**काठमाडौं/मस** – बजाज मोटरसाइकलको आधिकारिक बिक्रेता हंसराज हुलासचन्द एन्ड कम्पनीले 'बजाज ग्रान्ड कार्निभल' योजना सुरु गरेको छ। काठमाडौं भृकुटीमण्डपमा २० भन्दा बढी भ्यालुयटर्सबाट ग्यारेन्टीका साथ उच्चतम भ्यालुयसन, अन द स्पट फाइनान्स तथा निःशुल्क असेसेरिज सुविधासहित कम्पनीले मंगलबारबाट कार्निभल सुरु गरेको हो ।

कार्निभलमा यसअघि मोटरसाइकल खरिद गर्दा हुने झन्झटिलो प्रक्रिया जस्तै, घरजग्गाको लालपुर्जा, पानी वा बिजुलीको बिल, आफ्नो आयस्रोतको सर्टिफिकेटलगायत विभिन्न कागजात आवश्यकतालाई यो योजनाले सरल बनाउने कम्पनीको दाबी छ । किस्ताबन्दीमा किन्न चाहने ग्राहकले एक घण्टाभित्रै ऋण पास गरेर ९.९९ प्रतिशत सुलभ ब्याजदरमै सरल फाइनान्समार्फत् यो सुविधा पाउन सक्ने कम्पनीले जनाएको छ । साथै, बजाज ग्रान्ड कार्निभलमा गेम जोन, टेस्ट राइड पनि रहेको छ ।

यस योजनाअन्तर्गत ग्राहकले आफ्ना पुराना बाइकहरूको उच्चतम मूल्यांकन प्राप्त गरेर बजाजका आकर्षक नयाँ मोडेलहरू लैजाने सुविधा रहेको कम्पनीले जनाएको छ। कार्निभल २१ गतेसम्म सञ्चालन हुने कम्पनीले जनाएको छ ।

**डढेलोबाट वनजंगल बचाऔं, पर्यावरण जोगाऔं:**

- घाँस दाउरा गर्न वनजङ्गलमा जाँदा चुरोट, बिडी नखाऔं,
- वनभोजपछि चुल्होको आगो राम्ररी निभाऔं,
- खेतबारी, खरबारी र खर्कमा आगो नलगाऔं,
- मानव बस्ती वरिपरि अग्नि नियन्त्रण रेखा बनाऔं,
- स्थानीय प्रशासन, वन, स्थानीय तह, प्रहरी कार्यालय, रेडक्रसलगायत अन्य संघ-संस्थाको सम्पर्क नम्बर सुरक्षित राखौं,
- वनमा डढेलो लागेको देखे वितिकै नजिकैको प्रहरी, वन कार्यालय, स्थानीय प्रशासन र स्थानीय तहलाई खबर गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

**Province Government**
**Koshi Province**
**Ministry of Health**
**Province Health Logistic Management Center**

**Invitation for Bids**

**First Date of publication: 30 April 2025 (17 Baisakh 2082)**

1. The Ministry of Health, Province Health logistic Management Center, Biratnagar invites electronic bids from eligible bidders for the Procurement of Fully Automated Bio-chemistry Analyzer National competitive bidding – Single Stage Double Envelope (1S2E) procedures.
2. Eligible Bidders may obtain further information and inspect the bidding documents at the office of Province Health Logistic Management Center, Koshi Province, Biratnagar, E-mail: rmsbiratnagar@gmail.com, or may visit PPMO eGP system www.bolpatra.gov.np/egp or www.phlmc.p1.gov.np
3. Bidding documents is available online and can be downloaded from eGP system www.bolpatra.gov.np/egp. Interested Bidders shall register in the e-GP system and deposit the cost of bidding documents in the following Rajaswa (revenue) account as specified below:
   **Name of the Bank : Rastriya Banijya Bank, Biratnagar**
   **Name of Office : Province Health Logistics Management Center, Biratnagar**
   **Office Code no. : 3700113011**
   **Office Account no. : 1000100200010000**
   **Rajaswa (revenue) Shirshak no. : 14229**
4. Electronic bids must be submitted through PPMO's e-GP system www.bolpatra.gov.np/egp on or before 12:00 noon on 1 June 2025(18 Jestha 2082). Bids received after this deadline will be rejected. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 2:00 PM on). 1 June 2025 (18 Jestha 2082). at the office of Province Health Logistic Management Center, Biratnagar.
5. In the case of discrepancies or error in bid documents, bid notice or any other document, purchaser reserve the right to amend and correct at any time.

| S. N. | Contract Identification No. | Description of Items | Cost of Bidding document (NRs) | Dharauti Account No. | Amount of Bid security (NRs) | Bid Validity | Bid Security |
|---|---|---|---|---|---|---|---|
| 1 | PHLMC-KOSHI/G/NCB-19 (Fully Automated Bio-chemistry Analyzer) /2081-82 | Procurement of Fully Automated Bio-chemistry Analyzer. | 5000.00 | 2120100202030000 | 6,30,000.00 | 90 days | 30 September 2025 |

**Director**

प्रकाशक: **सीतादेवी श्रेष्ठ**, कार्यालय: कमलपोखरी, काठमाडौं, फोन: **०१–५३२६३६६, ०१–५३२८२९८**, ई-मेल: **madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com** (विज्ञापन), **मुद्रक:** एक्सप्रेस कलर प्रेस, सम्पादक: **मदनकुमार श्रेष्ठ**